# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

स्थानीय निकायहरुले विकेन्द्रीकरणका माध्यमबाट आफ्ना सीमित स्रोत र साधनको प्रभावकारी परिचालन एवं कार्यक्षमता तथा विश्वसनीयतामा अभिवृद्धि गरिनु पर्ने आजको टड्कारो आवश्यकता रहेको छ । यस परिप्रेक्ष्यमा सहभागितात्मक दीगो विकासको अवधारणा सान्दर्भिक हुन्छ । विकास दीगो हुनका लागि यसले वर्तमान पिंडीको आवश्यकता पूरा गर्न सक्नुका साथै भावी पिंडीको आवश्यकता पूरा गर्न मार्गनिर्देश गर्नुपर्छ । योजनाको प्रारम्भिक चरण आवश्यकताहरु छनोट लगायत कार्यान्वयन, संरक्षण, संवर्द्धन र सम्भारका लागि स्थानीय सरोकारवालाहरुको सहयोगको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ जसले गर्दा विकास दीगो रुपमा सञ्चालन हुन मद्धत पुग्दछ । स्थानीय सरोकारवालाहरुबाट छनोट नभएका योजनाहरु कार्यान्वयनमा कठिनाइ भएका छन् भने अपवादको रुपमा कार्यान्वयन भएका योजनाहरु पनि मर्मत सुधार र संरक्षणका लागि आफ्नोपन र जिम्मेवारीको अभावमा असफल भएका कुरामा विगतका विकास निर्माण र योजनाका कार्यले पुष्टि गरेका छन् । शुरुदेखि अन्त्यसम्म पारदर्शी र दीगो रुपमा सञ्चालन हुने विकास आयोजनाहरुको आवश्यकता टड्कारो रुपमा देखिँदै आएको छ ।

आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले आर्थिक वर्ष २०५४/२०५५ मा गाउँ शिक्षा समिति तथा गाउँ शिक्षा योजनाको अवधारणा अगाडि ल्याएपछि मुलुकमा गाउँ शिक्षा योजना निर्माण गर्ने लहर शुरु भएको पाइन्छ । इलाम जिल्लाका ४८ वटा गाउँ विकास समिति तथा एक नगरपालिकामा तत्कालीन अवस्थामा जिल्लामा कायम रहेका १७ वटा स्रोतकेन्द्र मार्फत प्रत्येक स्रोतकेन्द्रमा ३ दिने गाउँ शिक्षा योजना निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको थियो । यस कार्यक्रममा तत्कालीन अवस्थामा स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका केही पदाधिकारीहरु, स्रोतकेन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरु तथा केही विद्यालयका प्रधानाध्यापकहरु समेत सहभागी भएका थिए ।

यसै सन्दर्भमा केही गाउँ विकास समितिहरुमा गाउँ शिक्षा समितिका अध्यक्ष (जन निर्वाचित गाउँ विकास समिति अध्यक्ष) हरुबाट दण्डहिनताको अन्त्य गर्दै केही विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरुलाई कार्यवाही गरे पश्चात शिक्षकहरुका प्रतिनिधि संस्थाहरुमा यसको व्यापक चर्चा भएको थियो । तत्कालीन अवस्थामा शिक्षा नियमावलीमा गाउँ शिक्षा समितिलाई समेटिएको थिएन । यसै सिलसिलामा देशमा आएको राजनैतिक उथलपुथलसँगै जननिर्वाचित स्थानीय निकायहरु भङ्ग गरिए । देश द्वन्द्वको भुमरीमा फस्यो । फलतः गाउँ शिक्षा सम्बन्धी सम्पूर्ण कुराहरु ओझेलमा परे । अन्तत्वोगत्वा स्थानीय स्वयत्तता ऐन २०५५ तथा शिक्षा ऐन सातौं संशोधनको प्रादुर्भावपछि गाउँ शिक्षा योजना निर्माण प्रक्रियाले गति लिन थाल्यो । इलाम जिल्लामा जननिर्वाचित प्रतिनिधिहरुको अनुपस्थिति छँदा छँदै पनि स्रोतव्यक्तिहरुको सक्रियतामा वि.सं. २०६६ बाट शुरु भएको गाउँ शिक्षा योजना निर्माणको प्रक्रिया दिनानुदिन तुलनात्मक रुपमा हिजोभन्दा आज केही सुधारिएको अवस्थामा अघि बढिरहेको अनुभूति हुन्छ ।

बाल विकासको विस्तार तथा सुधार गर्ने, सबै बालबालिकाका लागि शिक्षाको सुनिश्चितता गर्ने, आदिवासी, अल्पसङ्ख्यक भाषिक समुदाय लगायतका बालबालिकाहरुका सिकाइ आवश्यकताहरुको परिपूर्ति गर्ने, प्रौढ निरक्षरतामा कमी ल्याउने, गुणस्तरीय शिक्षाका सबै पक्षहरुको सुधार गर्ने र लैङ्गिक भेदभाव निराकरण गर्ने जस्ता उद्देश्यहरुमा गाउँ शिक्षा योजना आधारित छ ।

मौजुदा व्यवस्था अनुसार हरेक विद्यालयले आफ्नो विद्यालयको विकासको योजनाका रुपमा विद्यालय सुधार योजना निर्माण गर्नु पर्दछ । त्यस गाउँ विकास समितिभित्र रहेका विद्यालयहरुको विद्यालय सुधार योजनाका आधारमा गाउँ शिक्षा समितिद्वारा गाउँ शिक्षा योजना तयार गरिन्छ । जिल्लाभित्र रहेका गाउँ शिक्षा समितिहरुले तयार पारेका गाउँ शिक्षा योजनाका आधारमा जिल्ला शिक्षा योजना तर्जुमा गर्ने गरिएको छ ।

गाउँ शिक्षा समितिले गाउँ विकास समितिसँग सौहार्दपूर्ण तवरले समन्वय गरी काम गर्दछ । हालसम्म पनि विद्यालय नजाने बालबालिकाहरुलाई विद्यालयको पहुँचभित्र ल्याउने, विद्यालय शिक्षाको गुणस्तर सुधार गर्ने, समुदायद्वारा गरिने सबै

प्रयासहरु बालबालिकाहरुको सिकाइलाई मद्दत गर्ने गरी तय गर्ने जस्ता क्रियाकलापहरु गाउँ शिक्षा समितिले गर्ने गर्दछ ।

सबैका लागि शिक्षा २००४-२००९ ले राखेका प्रमुख उद्देश्यहरुमा प्राथमिक शिक्षामा पहुँच र समन्वय सुनिश्चित गर्ने, प्राथमिक शिक्षाको गुणस्तर र सान्दर्भिकताको अभिवृद्धि गर्ने, सबै तहमा विद्यालय र संस्थाहरुको कार्यदक्षता र संस्थागत क्षमताको विकास गर्ने रहेका छन् । सबै तहमा विद्यालय र संस्थाहरुको कार्यदक्षता र संस्थागत क्षमताको विकास गर्ने उद्देश्य प्राप्तिका लागि गरिने प्रयासहरुमा शिक्षक तथा शिक्षा सेवामा संलग्न कर्मचारीहरुको कार्यक्षमता विकास गर्न मानवीय संसाधन विकास, योजना लागू र कार्यान्वयन गर्न, सबै तहका शिक्षा सुधारका योजना तथा कार्यान्वयनका गतिविधिहरुमा सरोकारवाला तथा नागरिक समाजको बढी सहभागिता तथा पारदर्शिता, जिम्मेवारी तथा समन्यायमा जोड दिंदै प्रशासनमा सुधार ल्याउने उल्लेख भएको छ । सिद्धान्त तथा रणनीति अन्तर्गत समुदायमा आधारित केन्द्रहरुको व्यवस्थापन सञ्चालन खर्चका लागि स्रोत उपलब्ध गराउने अधिकार सहित स्थानीय सरोकारवालाहरुलाई सशक्तिकृत गराइनेछ । दोस्रो आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाले गरिबीको रेखामुनि रहेका ४२% जनताका बालबालिकाको पहुँच र थमौति गर्न भनिएका आर्थिक सहायता तथा छात्रवृत्ति जस्ता कार्यक्रमको योजना र व्यवस्थापन विद्यालयको सहभागिता बिना नै केन्द्रबाट नै हुने परिपाटी भएको सन्दर्भमा केन्द्रीकृत योजना परिपाटीलाई छोडी विकेन्द्रीकृत शैक्षिक योजना व्यवस्थापन गाउँ र विद्यालय तहबाटै निर्माण र कार्यान्वयन गर्नु सान्दर्भिक हुने ठम्याएको छ (शिक्षा मन्त्रालय, सन् २००३) ।

औसत रुपमा नेपाली घर परिवार र विद्यालयहरु बीचको दूरी केवल ३० मिनेटको मात्र हुने अनुमान गरिएको भनिए तापनि देशको भू-धरातलीय विविधताले शिक्षाको पहुँचबाट अलग्गिएर रहेको वस्ती र गाउँहरुमा पुऱ्याउन समस्या सृजना गरेको छ । यसले जुनसुकै स्थानमा जहाँका भए पनि शिक्षालाई सर्वसुलभ बनाउनका लागि आधारभूत शिक्षाको खाकाले भौगोलिक विविधतालाई निश्चित रुपले विचार पुऱ्याएको हुनु पर्दछ । मूल प्रवाहीकरण तथा सहभागिता अन्तर्गत भर्ना नहुनेहरुमा अधिकांश बालिका, दलित तथा अन्य सुविधा विमुख बालबालिकाहरु नै हुने भएकोले

तिनीहरुलाई विद्यालय पठाउने खालको रणनीतिले प्राथमिकता पाउनु जरुरी छ । त्यसै गरी लैङ्गिक समन्याय तथा समानता अन्तर्गत यस्तो सिकाइ वातावरण सुनिश्चित गर्ने रणनीति शैक्षिक खाकाभित्रै निर्मित भएको हुनु पर्दछ । त्यस्तै विविध लक्षित समूहहरुको आवश्यकता अनुकुल हुने नेपालको शिक्षा व्यवस्था जनजाति, आदिवासी, सुविधा विमुख तथा उपेक्षित आदि सबै समूहसँग सान्दर्भिक भई देशका विविध ग्राहक वर्गको आवश्यकता र चाहनालाई समेट्ने खालको हुनु पर्दछ । यस आवश्यकतालाई परिपूर्ति गर्न गाउँ शिक्षा योजनाले विशेष भूमिका निर्वाह गर्न सक्दछ ।

स्थानीय स्वायत्त शासन ऐनले शैक्षिक योजना र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकाय र समुदायलाई दिइने, विद्यालय व्यवस्थापन समितिहरु विद्यालयको योजना र व्यवस्थापनको लागि जम्मेवार हुने, शैक्षिक योजना र व्यवस्थापनमा आवश्यक नेतृत्त्व लिन स्थानीय अङ्ग, निकाय, समुदाय र विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरिने, अनौपचारिक शिक्षा केन्द्रबाट नीतिहरुको तर्जुमा, अनुगमन तथा मूल्याङ्कनका साथै प्राविधिक सहयोग प्राप्त गर्ने, साक्षरता कार्यक्रमहरुको कार्यान्वयनको जिम्मेवारी गैह्र सरकारी संस्था र स्थानीय निकायहरुलाई सुम्पिने, स्थानीय निकायहरु निरन्तर सिकाइका लागि सामुदायिक सिकाइ केन्द्रको स्थापनाको लागि जिम्मेवार हुने, बालिका, दलित तथा सुविधा विमुख समूहहरुको गुणस्तरीय शिक्षामा पहुँच बढाउन विशेष कर्यक्रमहरुको तर्जुमा गर्ने, विभिन्न भाषिक समुदायका बालबालिकाहरुको पहुँचमा वृद्धि ल्याउन मातृभाषामा शिक्षा दिने कार्यक्रमलाई प्रोत्साहित गर्ने, बाल विकास केन्द्र र पूर्व प्राथमिक तहका विद्यालय सञ्चालनका लागि स्थानीय समुदायलाई प्रोत्साहित गरिने, अतिरिक्त स्रोत साधन तथा विशेष ज्ञान सिप जुटाउनका लागि नागरिक समाज तथा निजी क्षेत्रसँगको साझेदारी बढाउने व्यवस्था गरेको छ (शिक्षा मन्त्रालय, सन् २००३) । स्थानीय स्वायत्तता ऐन तथा शिक्षा ऐन दुवैले स्वामित्व र स्रोत साधनको प्रभावकारी उपयोगमा स्थानीय नियन्त्रण र परिचालनमाथि जोड दिंदै शिक्षामा समुदायको संलग्नताको आवश्यकतालाई औल्याएका छन् ।

यसै गरी शैक्षिक योजना तथा कार्यान्वयनमा विकेन्द्रीकरणलाई प्राथमिक रणनीतिका रूपमा लागू गरी गाउँ शिक्षा योजनाको माध्यमबाट बालबालिकाको विद्यालय पहुँच सम्बन्धी आवश्यकतालाई शैक्षिक योजना निर्माण गरी कार्यान्वयन गर्न उल्लेख गरिएको छ । शैक्षिक योजनाहरु जनताका चाहना पूरा गर्ने खालका हुन आवश्यक भएकोले सम्बन्धित सरोकारवालाहरुले यिनको विकास गर्ने मात्र नभई स्वामित्व पनि ग्रहण गर्न सकुन् भन्नका लागि सहभागितात्मक योजना प्रक्रियाहरु थाल्ने, शिक्षाका हरेक योजना प्रत्येक बालकलाई शिक्षा तथा एउटा सुरक्षित, स्वस्थ, समाहित, समन्यायिक तथा साधन सम्पन्न वातावरणका लागि अधिकार हुने कुरा सिद्धान्ततः उल्लेख गरिएको छ ।

विकेन्द्रीकरणको सिद्धान्त अनुरुप हालको कोटामा आधारित अनौपचारिक शिक्षा एकीकृत तथा आवश्यकतामा आधारित औपचारिक शिक्षातर्फ उन्मुख हुने र मागमा निर्भर हुने अनौपचारिक शिक्षाका लागि आवश्यक खर्च समुदायको अधिकतम सहभागितामा तयार पारिएको गाउँ शिक्षा योजनाका आधारमा छुट्याउने भनिएको छ । विद्यालय व्यवस्थाको प्रथम सुविधाभोगी समुदाय हो । यसैले शिक्षाको रणनीति तथा निर्णय प्रक्रियामा यसको संलग्नता अपरिहार्य हुन्छ । यो वालबालिकाहरुको बढ्दो शैक्षिक प्रगति र विद्यालयको समग्र विकासमा उनीहरुको निरन्तर सहयोग र योगदान जुटाउन अति नै महत्त्वपूर्ण हुन्छ । साझा लक्ष्य प्राप्तिका लागि पारस्परिक सहयोग जुटाउन सामुदायिक परिचालनले विद्यालय र समुदाय बीचको बढ्दो अन्तरक्रियालाई सङ्केत गर्दछ । सुविधाभोगीहरुमा स्वामित्वको भाव विकसित होस् भन्ने हेतुले व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्क सर्वसाधारणको पहुँच तथा कार्यक्रमका गतिविधिहरुको योजना, निर्माण, कार्यान्वयन र अनुगमनमा सरोकारवाला, नागरिक समाज तथा जन प्रतिनिधिहरुलाई संलग्न गराउने प्रक्रियाबारे सर्वसाधारणहरुलाई जानकारी दिने उद्देश्यको अवधारणामा गाउँ शिक्षा योजनाको परिकल्पना गरिएको हो । यसबाट यो पनि आशा गरिएको छ कि स्थानीय स्रोत साधन उपयोगका लागि समुदायको सक्रिय सहभागिता तथा अधिकार सहितको स्थानीय तहको योजना तथा व्यवस्थाको सरोकारवालाहरु बीच स्वामित्वको भाव विकसित गराउने मात्र होइन बरु यसले उत्तरदायित्त्व, पारदर्शिता, समन्याय तथा दीगोपनमा पनि सुधार ल्याउने अपेक्षा गरिएको छ । विकेन्द्रीकरणको मुख्य उद्देश्य शिक्षण

प्रक्रियालाई बढी अर्थपूर्ण बनाउनका लागि यसमा स्थानीय व्यक्तिहरुलाई सहभागी गराउन र निर्णय दिने कुरामा सक्षम बनाउने वातावरण सृजना गर्नु हो । यो आमा-बाबुहरु, गुणस्तरीय शिक्षा सेवाको माग सृजना गर्न सक्षम बनाउने प्रक्रिया विकासको आवश्यकतासँग सम्बन्धित छ । सरकार सरोकारवालाहरुको परामर्शमा तयार भएको गाउँ शिक्षा योजना मार्फत स्थानीय व्यक्तिहरुको आवश्यकताहरु प्रति सकारात्मक सहयोग भावका लागि प्रतिवद्ध रहेर नै स्थानीय स्तरबाट क्रमशः केन्द्रतर्फ उन्मुख हुने विकेन्द्रीकरणको मुख्य उपागम गाउँ शिक्षा योजना नीति नै हो (शिक्षा मन्त्रालय, सन् २००३) ।

सामाजिक, सांस्कृतिक परिप्रेक्ष्यमा हेर्दा अल्पसङ्ख्यक समुदायहरु तथा जनजाति समुदायहरुले आफूलाई मूल प्रवाहबाट सीमान्तकृत गरिएको महशुस गरिराखेका छन् । गरिब तथा अवसरबाट वञ्चित समुहहरु (जस्तै महिलाहरु, दलितहरु र अल्पसङ्ख्यक जनजातिहरु) को शिक्षामा सहभागिता एकदमै न्यून छ । सरकारका लागि यस समुदायको सहभागिता चुनौतिका रुपमा रहेको छ । सबैका लागि शिक्षा कार्यक्रम (सन् २००४-२००९ ) सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना (२००१-२०१५) मा आधारित छ जसले सबैका लागि शिक्षा सम्बन्धी अन्तर्राष्ट्रिय घोषणाका सबै ६ वटै उद्देश्य पूरा गर्न गाउँ शिक्षा योजना अपरिहार्य भएको छ ।

विकेन्द्रित शैक्षिक व्यवस्थापन अन्तरगत शिक्षाका विषयमा लिइने निर्णयहरु सम्भव भएसम्म लाभान्वित हुने वर्गलाई सहयोग पुग्ने गरी लिइनु पर्दछ । यो सिद्धान्तले सरोकारवालाहरुको सहयोग बढाउँछ, उनीहरुको वास्तविक समस्यालाई पत्ता लगाउँन सहयोग पुऱ्याई शासकीय तथा व्यवस्थापकीय क्षमतामा वृद्धि गराउँछ । यसको परिणाम स्थानीय जनतालाई आफूले गरेको काममा स्वामित्वको समेत अनुभव गराउन जान्छ । निःशुल्क शिक्षाको प्रावधान अनुरुप यस कार्यको पालना भए नभएको सुनिश्चित गर्नको लागि अनुगमन गर्ने निकाय स्थानीय तहमै रहन्छ । स्थानीय सरकारले तथ्यमा आधारित रहेर सबै बच्चाहरुलाई आधारभूत र माध्यमिक शिक्षा औपचारिक वा वैकल्पिक माध्यमद्वारा दिइने आवधिक योजनाहरु बनाउनेछन् । स्थानीय सरकारले बच्चाहरुलाई विद्यालय जान वाधा पार्ने सम्भावित कठिनाइहरु पहिचान गर्नेछन् । यस्ता योजनाहरु बनाउँदा प्रयोग गरिने रणनीतिमा विद्यालय

नक्शाङ्कन परिस्थितिको विश्लेषण र अन्य स्रोतहरुबाट लिइएका सूचना आदिलाई आधारको रुपमा लिएर विद्यालयहरुको स्थापना, स्तर वृद्धि, गाभ्ने र स्थान परिवर्तनलाई तथ्यहरुको आधारमा योजना गरिने, यस्ता योजनाहरु चरणवद्ध गरिने स्थानीय सरकारलाई उपलब्ध गराउने सहयोग रणनीतिमा वर्तमान रुपमा रहिरहेका प्राविधिक संरचनाहरुलाई (ट्रेड स्कुल, शैक्षिक तालिम केन्द्र, व्यवसायिक मञ्च) लाई योजना गर्ने तथा शिक्षा प्रदान गर्ने काममा प्रयोग गरिनेछ । स्थानीय सरकारले नयाँ विद्यालयहरुको स्थापनाका लागि जिम्मा लिनेछ । यसरी स्थानीय सरकारलाई निर्देशित गर्दै सम्पूर्ण आधारभूत तथा माध्यमिक तहको शिक्षामा प्रभावकारी भूमिका निर्वाह गर्नका लागि गाउँ शिक्षा योजनामा समाविष्ट हुनेछन् (विद्यालय क्षेत्र सुधार कार्यक्रम, नीति तथा रणनीति सम्बन्धी मूल दस्तावेजको मस्यौदा) ।

सेरिडको अध्ययन प्रतिवेदन आ.व. २०५८/२०५९ (नेपाली रुपान्तर) मा उल्लेख भए अनुसार विद्यालय सुधारको प्रयासलाई दीगो बनाउन र सघाउ पुऱ्याउनका लागि गाउँ विकास समितिमा गठित शिक्षा समितिलाई अधिकार सम्पन्न गर्ने, विद्यालय र व्यवस्थापन समितिलाई सहयोग पुऱ्याउने सन्दर्भमा गाउँ शिक्षा समितिको उत्तरदायित्व अधिकार र सम्बन्धलाई प्रष्ट पार्ने, गाउँ विकास समिति अन्तर्गतको सबै विद्यालयहरुको विद्यालय सुधार योजना तयार भएपछि सोको आधारमा गाउँको गाउँ शिक्षा योजना प्राथमिकता, लक्ष्य र कार्य सम्पादन सूचकको आधारमा तयार गर्ने, विद्यालय सुधार योजना मा उल्लेख भएका कार्यक्रमहरुमा प्रत्येक विद्यालयको आवश्यकता र प्राथमिकता अनुसार चाहिने स्रोतहरु गाउँ विकास समितिले आफ्नो आयस्रोतबाट उपलब्ध गराउने, विद्यालयमा अभिभावकहरुको सहभागिता, विद्यालयका साधन र स्रोतको समुचित प्रयोग, शिक्षक र विद्यार्थीको उपस्थिति र नियमितता जस्ता कार्यक्रमहरुमा गाउँ विकास समिति पदाधिकारीबाट बराबर अनुगमन गर्ने कुरा व्यक्त गरिएको छ ।

जहाँका विद्यालय र समुदायका लागि कार्यको थालनी गरिएको हो उनीहरुकै अग्रसरतामा ती कार्यहरु गर्ने, उनीहरुलाई सिपयुक्त गर्ने, स्रोत सम्पन्न गर्ने र उनीहरुका आफ्नै बालबालिकाका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न उनीहरुलाई नै बढी उत्तरदायी बनाउने अधिकार प्रदान गर्ने, अन्य बाहिरी व्यक्ति तथा संस्थाहरुको

मुख्य काम भने विद्यालय समुदाय परिचालन गर्नमा सहजकर्ताको भूमिका निर्वाह गर्नमा र सहयोगीको रुपमा मात्र सीमित राख्ने कुरा पनि सेरिडको अध्ययन प्रतिवेदनमा उल्लेख छ । शिक्षा ऐनको सातौं संशोधनले गाउँ शिक्षा समितिका ४ सदस्यहरु विद्यालय तहको शिक्षा योजनामा समन्वय र सहजकर्ताको रुपमा प्रस्ताव गरेर गाउँ शिक्षा समितिलाई समुच्च रुपमा विद्यालय तहमै प्रवेश गराएर गाउँ शिक्षा योजनालाई अझ सुदृढीकरण गर्न बल पुऱ्याएको छ । बटम अप योजना गाउँ शिक्षा योजनाको गुणस्तर उकास्न योजना निर्माणदेखि नै वास्तविक सरोकारवालालाई संलग्न गराइने सिद्धान्त अंगीकार गरेको छ । तर गाउँ शिक्षा समिति गठन गरी गाउँ विकास समितिलाई सक्रिय पर्ने लक्ष्य र कार्यक्रम भए तापनि सेरिडको ३ जिल्लाको अध्ययन प्रतिवेदनले कहीं पनि गाउँ शिक्षा समिति गठन भएको पाइएन भनेर आधारभूत तथा प्राथमिक शिक्षा परियोजना प्रथम चरणको आधारमा दोस्रो चरणमा निर्धारित लक्ष्य र कार्यक्रमका बारेमा टिप्पणी गरेका छन् । गठन नभएको अवस्था भए तापनि सामुदायिक स्तरमा विद्यालयलाई राम्रो गरी सञ्चालन गरी जन स्तरमा सक्रिय सहभागिता र उत्तरदायित्व तथा स्वामित्व बहन गर्नु अपरिहार्य रहेको कुरा सर्व स्वीकार्य छ ।

गाउँ विकास समिति अन्तर्गत खोलिएका विद्यालयहरुको पूर्वाधार विकास गर्न गाउँ विकास समिति अन्तर्गत रहेका विद्यालय जाने उमेर समूहका नानीहरुको प्राथमिक तहको शिक्षाको सुनिश्चितता गर्न, प्राथमिक तह पार गरेका नानीहरुका लागि माध्यमिक तहको शिक्षाको अवसरको व्यवस्था गर्न, विभिन्न कारणले विद्यालय शिक्षामा प्रवेश गर्न नसकेका पुरुष तथा महिलाहरुलाई जीवन निर्वाहका लागि आवश्यक पर्ने ज्ञान तथा सिप दिनका लागि गाउँ विकास समिति तहमा स्थानीय सरोकारवालाहरुको सहभागिता र गाउँ शिक्षा समितिको पहलमा स्थानीय अवस्थाको पहिचान गरी आगामी ५ वर्षभित्र आफ्नो गाउँ विकास समिति अन्तर्गतको शिक्षा कस्तो बनाउने ? के ? कसरी ? ती लक्ष्यहरु प्राप्त गर्ने, ती लक्ष्य तथा उद्देश्य प्राप्त गर्नका लागि के कस्ता स्रोतहरु कसरी जुटाउने र त्यसको कार्यान्वयन तथा अनुगमन के कसरी गर्ने जस्ता पक्षहरु समावेश गरी बनाइने योजनाहरुलाई नै गाउँ शिक्षा योजना भनिन्छ (शिक्षा विभाग २०५८) ।

त्यसो त विद्यालय सुधार योजना निर्माण प्रक्रिया पश्चात लेखाजोखा तथा स्वीकृत प्रक्रिया अगाडि बढ्दछ । विद्यालय सुधार योजना मा ५ वर्षे योजना अन्तर्गत प्रत्येक वर्षको वार्षिक कार्ययोजना बनाउनु पर्दछ जसमा के गर्ने ? कहिले गर्ने ? कसरी गर्ने ? कसले गर्ने ? उक्त कार्यक्रमको अनुगमन कसले गर्ने जस्ता पक्षहरु स्पष्ट रुपमा समावेश हुन्छन् । स्वीकृत प्रक्रियामा आउँदा स्रोतव्यक्तिको संयोजकत्वमा जिल्ला शिक्षा कार्यालयबाट मनोनित एकजना र सम्बन्धित गाउँ विकास समितिबाट मनोनित एकजना गरी जम्मा ३ सदस्यीय समितिले विद्यालय सुधार योजनाका विविध पक्षको विश्लेषण गरी आवश्यक सुझाव सहित स्वीकृति प्रदान गर्दछ । यसरी स्वीकृति प्रप्त विद्यालय सुधार योजना गाउँ शिक्षा समितिमा पेश हुन्छन् । अन्ततोगत्वा गाउँ विकास समितिभरिका विद्यालयहरुको विद्यालय सुधार योजना हरुको एकमुष्ट संगालो तथा स्थानीय सरोकारवालाहरुको अपेक्षा तथा व्यक्त भावनाको आधारमा गाउँ शिक्षा योजनाको ड्राफ्ट तयार गरी पुनः स्थानीय सरोकारवालाहरुको भेलामा प्रस्तुत गरी प्राप्त राय र सुझावका आधारमा योजनालाई अन्तिम रुप दिइन्छ ।

यसरी प्रक्रिया पूरा गरेर तयार भएको योजनाको लेखाजोखा सम्बन्धित स्रोतकेन्द्रको स्रोतव्यक्तिको संयोजकत्वमा जिल्ला शिक्षा कार्यालयबाट मनोनित १ जना र सम्बन्धित गाउँ विकास समितिबाट मनोनित १ जना समेत ३ सदस्य रहेको समितिले प्राविधिक पक्षको विश्लेषण गरी आवश्यक सुझाव सहित गाउँ शिक्षा समितिमा स्वीकृतिको लागि पठाउँदा आवश्यक परे गाउँ शिक्षा समितिले परिमार्जन सहित गाउँ विकास समितिबाट स्वीकृत गराउनु पर्दछ । उक्त योजनाको लागि आवश्यक स्रोत जिल्ला शिक्षा कार्यालय र सम्बन्धित गाउँ विकास समितिले व्यवस्था गर्नुपर्छ । यो स्वीकृत गाउँ शिक्षा योजना ४ प्रति तयार गरी १/१ प्रति जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, स्रोतकेन्द्र र गाउँ विकास समितिमा दिने प्रावधान छ । अनुगमनका सम्बन्धमा स्रोतव्यक्ति, गाउँ शिक्षा समिति, गाउँ विकास समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला शिक्षा समिति वा सो समितिले गठन गरेको उपसमितिले गर्ने प्रावधान विद्यालय सुधार योजना निर्माण सम्बन्धी स्रोत सामग्री २०६५ मा उल्लेख गरिएको छ । तर वर्तमान अवस्थामा माथि भनिए अनुरुप गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन स्रोतव्यक्तिबाट मात्र सम्पन्न भइरहेको छ । गाउँ

शिक्षा योजना निर्माणमा सरोकारवालाहरुको भूमिकाभन्दा पनि स्रोतव्यक्तिकै भूमिका बढी भएको महशुस गरिएको छ । आर्थिक वर्ष २०५६/५७ देखि आधारभूत तथा प्राथमिक शिक्षा परियोजना दोस्रो चरण कर्यान्वयनमा स्थानीय क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत शुरुमा १२ जिल्लामा र त्यसपछि अर्को वर्ष थप १९ जिल्लामा गरी ३१ जिल्लामा सञ्चालन भयो । आर्थिक वर्ष ०५८/०५९ देखि सबै जिल्लामा यस कार्यक्रमलाई अनिवार्य गरियो ।

यस पश्चात सबै जिल्लामा क्षमता अभिवृद्धि गर्न ६ दिने तालिमको व्यवस्था र तत्पश्चात तेस्रो वर्षबाट झापा, चितवन, स्यांजा, वर्दिया र डडेल्धुराका एक एक स्रोतकेन्द्रमा विकेन्द्रीकरणको अवधारणा अनुरुप विद्यालय सुधार योजनामा आधारित फण्डिङ कार्यक्रम लागू भयो । यसको मुख्य आशय स्थानीय तहमा नै स्रोत र साधन उपलब्ध गराई स्थानीय सरोकारवालाको सक्रिय सहभागितामा स्थानीय तहमा नै आवश्यकताको पहिचान तथा प्राथमिकताक्रम निर्धारण गरी योजना योजनावद्ध रुपमा  सीमित स्रोत साधनबाट अधिकतम फाइदा पुऱ्याउनु थियो । यसमा रकम खर्च गर्दा ४०% पहुँचमा, ३०% व्यवस्थापनमा र ३०% गुणस्तर सुधारमा खर्च गर्ने प्रावधान थियो । विगतका अनुभवका आधारमा विद्यालय सुधार योजनालाई व्यवहारिक र व्यवस्थित बनाउन आर्थिक वर्ष २०५९/०६० देखि स्रोत र वितरण स्थानीय तहमा कामको जिम्मेवारी समेत व्यापक रुपमा तोक्ने र परिमार्जन गर्ने अवधारणा अघि सारी ५ जिल्लाका सबै विद्यालयमा बटम अप योजना अन्तर्गत विद्यालय सुधार योजनामा आधारित विकास अनुदानलाई परिमार्जनका साथ सघन रुपमा परिचालन गरियो । यसरी परिचालन गर्दा पहुँच सम्बन्धी कार्यक्रम निर्माण र कार्यान्वयनको जिम्मा गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना बनाई कार्यान्वयन गर्ने रणनीति लिइयो । यसरी नयाँ अवधारणाले विगतको विद्यालय सुधार योजना निर्माण प्रक्रियालई परिर्वतन गरी विद्यालय र गाउँ शिक्षा समितिलाई अलग अलग जिम्मेवारी प्रदान गऱ्यो (शिक्षा विभाग, २०५८) ।

स्थानीय तहमा उपलब्ध गराउन निश्चित आधारहरु तयार गरिएको र यसले सरोकारवालाहरुलाई पारदर्शी र न्यायपूर्ण रुपमा स्रोत वितरण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको, गाउँ शिक्षा योजनाले पहुँच कार्यक्रम अन्तगर्तका ६-१० वर्ष सम्मका

बालबालिकालाई विद्यालयमा ल्याउन के कस्ता कार्यक्रमहरु आवश्यक पर्छ सो सम्बन्धी कार्यक्रमहरु गाउँ शिक्षा योजनामा समावेश गरी सञ्चालन गरी यसमा पहुँचलाई सहयोग गर्ने किसिमका कार्यक्रमहरुलाई प्रमुख प्राथमिकता दिने र गुणस्तर पक्षलाई सहयोग गर्ने कार्यक्रमलाई दोस्रो प्राथमिकता दिने अवधारणा रहेको छ । पहुँच सम्बन्धी कार्यक्रम निर्माण र कार्यान्वयन गर्न गाउँ शिक्षा योजनालाई बटम अप कार्यक्रम अन्तर्गत रु. २०,०००।- दिने र गाउँ विकास समितिले पनि कम्तिमा त्यति नै रकम त्यस कार्यक्रमलाई लगानी गरी रु. ४०,०००।- बाट विद्यालय नआएका नानीहरुलाई विद्यालयमा ल्याउन सहयोग पुग्ने खालका कार्यक्रमहरु गाउँ शिक्षा योजनामा समावेश गरी कार्यान्वयन गर्ने नीति ल्याइएको थियो । विद्यालयलाई गुणस्तर सुधारका लागि प्रति विद्यार्थी तराईमा रु २५०।-, पहाडमा रु. ३००।- र हिमाली क्षेत्रमा रु. ३५०।- का दरले विद्यालय सुधार योजना फण्डिङ उपलब्ध गराइएको थियो तर यसको कार्यान्वयन पक्ष पनि खासै प्रभावकारी रहेको पाइएन न त गाउँ शिक्षा योजनाको कार्यान्वयन नै प्रभावकारी छ । संस्थागत क्षमता अभिवृद्धिमा टेवा पुगे तापनि, बटम अप उपागमको कार्यान्वयनमा सधाउ पुगे पनि सरोकारवालामा विविध सिपको कमीको कारण कार्यान्वयन पक्ष अझै पनि ओझेलमा छ । दण्डहिनता मैलाएको अवस्थामा चुहावटले प्राथमिकता पाएको छ (शिक्षा विभाग, २०५८) ।

बालिका शिक्षा कार्यक्रम १२ जिल्लाका २४ गाउँ विकास समितिमा सञ्चालन भए पनि त्यहाँ भने गाउँ शिक्षा समितिले कार्यक्रम कार्यान्वयनमा सहजीकरण गरेको पाइयो । व्यवस्थापन समिति गठन गरी सो कार्यान्वयन गरेको भेटिएको कुरा तेस्रो पक्ष पुनरावलोकन सेरिडको अध्ययन प्रतिवेदनले बताएको छ (शिक्षा विभाग, २०५८) ।

यसरी शैक्षिक इतिहासका विभिन्न कालखण्डहरुमा शैक्षिक विकेन्द्रीकरणको अवधारणालाई मूर्त रुप दिन विभिन प्रयासहरु भएको सन्दर्भमा योजनाबद्ध शैक्षिक क्रियाकलाप सञ्चालनका लागि स्थानीय सरकारको तहबाट नै योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन समेत गरिने पूर्ण विकेन्द्रित कार्यक्रमका रुपमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको कार्यक्रम अगाडि आएको देखिन्छ ।

नीतिगत रुपमा अत्यन्त सुन्दर र प्रभावकारी लाग्ने यो योजनाको कार्यान्वयनको पक्ष कति व्यवहारिक र सबल छ भन्नेतर्फ समयमै ध्यान पुऱ्याउन नसके यो नीतिगत व्यवस्था कागजी रुपमा नै सीमित हुने भएकाले गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रक्रिया कसरी र कुन रुपमा अगाडि गइरहेको छ भन्ने विषयवस्तुमा केन्द्रित भई इलाम जिल्लाको सन्दर्भमा यो अनुसन्धान अगाडि बढाइएको छ ।

## १.२ समस्याको कथन

सरोकारवालाहरुकै सकृयतामा लामो समयदेखि विद्‌यालय व्यवस्थापन तथा आफ्नो समुदाय, टोल र गाउँमा शिक्षा सम्बन्धी नीति नियम र व्यवस्थापकीय पक्षको तर्जुमा हुँदै आए पनि यसलाई अझ व्यवस्थित बनाउन शिक्षा ऐन तथा नियमावलीको प्रादुर्भाव भयो र आ.व. २०५४/०५५ देखि गाउँ शिक्षा योजनाको संरचना अगाडि आयो । प्रत्येक गउँ विकास समितिमा गाउँ शिक्षा समिति रहने र सो समितिले गाउँ शिक्षा योजना तर्जुमा गर्ने/निर्माण गर्ने र कार्यान्वयन गराउने कानुनी व्यवस्था भए पनि कार्यान्वयनमा त्यसो हुन सकिरहेको पाईंदैन । प्रायशः गाउँ शिक्षा समितिको गठन नै नहुने, भए पनि क्रियाशील नरहने तथा कागजी रुपमा नै सीमित रहने गरेको पाइन्छ । अन्यन्त न्यून संख्यामा मात्र गाउँ शिक्षा समितिहरु क्रियाशील रहेको पाइने वर्तमान परिवेशमा क्रियाशील रहेका गाउँ शिक्षा समितिहरुको प्रभावकारिता अध्ययन गरी यस व्यवस्थाको सबल वा दुर्बल पक्ष केलाउनु तथा आवश्यक सुधारका उपाय अवलम्बन गर्नु आजको प्रमुख मुद्धा बनेको छ ।

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रियामा हाल देखा परेका समस्याहरुमा सरोकारवालाहरुको सकृय सहभागिता नदेखिनु, यसको कार्यान्वयनमा उदासीनता देखिनु, निर्माण भएको गाउँ शिक्षा योजनाले निर्दिष्ट गरेका कुराहरुमा अपेक्षाकृत सम्बन्धित निकायबाट आर्थिक, भौतिक तथा मानवीय संसाधन उपलब्ध नहुनु, गाउँ शिक्षा योजनाको लक्ष्य तथा उद्‌देश्य अनुरुप प्रतिफल प्राप्त हुन नसक्नु प्रमुख हुन् । यस परिवेशमा गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रियालाई नै मुख्य समस्याको रुपमा लिई अध्ययन अनुसन्धान अगाडि बढाइएको छ ।

## १.३ अध्ययनको औचित्य

सामुदायिक विद्यालयको गुणस्तर खस्कँदै गएको मुद्धा राष्ट्रिय चिन्ताको विषय बनिरहेको वर्तमान समयमा यसको सुधारको एक उपायको रुपमा गाउँ शिक्षा योजनाले कार्य गर्न सक्ने भएकाले गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा गाउँ शिक्षा समितिहरुलाई उत्प्रेरित गर्न आवश्यक देखिन्छ । नेपाल सरकारले शैक्षिक विकेन्द्रकरणको नीति अगाडि सारेपछि स्थानीय तहबाटै शैक्षिक योजनाको तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन गर्ने प्रक्रिया अगाडि ल्याएको छ । शैक्षिक परिवर्तनका लागि सरोकारवालाहरुको अपनत्व र सहभागिता महत्वपूर्ण हुने भएकाले यस कार्यक्रममा सरोकार राख्ने पक्षहरुको सहभागिताको स्थिति तथा अपनत्वको अवस्था बारे यथार्थ चित्र बाहिर निकाल्न प्रस्तुत अध्ययन गरिएको हो ।

प्रस्तुत अध्ययनले गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनको प्रक्रिया बारेमा खोज अनुसन्धान गरेकाले यसबाट सामुदायिक विद्यालयमा सरोकार राख्ने सबै पक्षहरुलाई विद्यालय विकासका सवालमा स्रोत सामग्रका रुपमा मद्धत पुऱ्याउन सक्छ । विद्यालयको सर्वपक्षीय विकासका लागि विद्यालय व्यवस्थापन समितिलाई सक्रिय हुन उत्प्रेरित पुऱ्याउँछ । विद्यालयका प्रमुख मुद्दाहरुलाई विद्यालय व्यवस्थापन समितिमा राख्न र समुदायलाई विद्यालयप्रति अपनत्व बोध गराउन यसले सहयोग पुऱ्याउँछ । नीति निर्माणकर्ताहरुलाई विद्यालय सेवाक्षेत्रको साङ्गोपाङ्गो सबै कुराको तथ्यहरुका आधारमा भावी योजना तर्जुमा गर्न तथा सरकारी एवं गैर सरकारी संस्थाहरुलाई सरकारी पक्षबाट ओभेलमा पर्न गएका क्षेत्रहरुको पहिचान गरी आफ्नो लगानी अभिवृद्धि गर्न आधाभूत जानकारी प्राप्त हुन्छ ।  शिक्षकहरुलाई गाउँ शिक्षा समितिबाट अनुमोदित कार्यक्रम र अनुमोदन हुन नसकेका कार्यक्रमहरुको बारेमा चासो राखी सोही अनुसार दैनिक पठनपाठन क्रियाकलाप अघि बढाउन मार्ग निर्देश हुन्छ । गाउँ शिक्षा योजनाले निर्दिष्ट गरेका कुराहरुबाट आफूहरु लाभान्वित भए नभएको विद्यार्थीहरुले, अभिभावकहरुले तथा सरोकारवालाहरुले प्रत्यक्ष थाहा पाउन मद्धत पुग्छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

प्रस्तुत अध्ययनका उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

१. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रियाको अवस्था पहिचान गर्नु,

२. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रियामा प्रभाव पार्ने तत्वहरु खोजी गर्नु,

३. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखा परेका समस्या पत्ता लगाउनु,

४. गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखा परेका समस्या समाधानका उपायहरु खोजी गर्नु ।

## १.५ अनुसन्धान प्रश्नहरु

प्रस्तुत अध्ययनमा निम्न अनुसारका प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ :

१. के यस गाउँ विकास समितिको गाउँ शिक्षा योजना निर्माण भएको छ ?

२. गाउँ शिक्षा योजना निर्माणमा कस-कसको संलग्नता रहने गरेको छ ?

३. गाउँ शिक्षा योजना निर्माणका प्रमुख समस्याहरु कस्ता छन् ?

४. गाउँ शिक्षा योजना कार्यान्वयनको अवस्था कस्तो छ ?

५. गाउँ शिक्षा योजना कार्यान्वयनमा देखिएका समस्याहरु के के हुन् ?

६. गाउँ शिक्षा योजनाको प्रभावकारी निर्माण र कार्यान्वयनमका लागि के कस्ता उपाय प्रयोग गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनलाई इलाम जिल्लाको दानावारी स्रोतकेन्द्र अन्तर्गत पर्ने चिसापानी, दानावारी र महमाई गाउँ विकास समितिमा मात्र सीमित गरिएको छ । अध्ययनका लागि छनोट भएका गाउँ विकास समितिहरुको समग्र पक्षहरुको अध्ययन नगरी उक्त गाउँ विकास समितिहरुमा गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रियाको अध्ययनमा प्रस्तुत शोधलाई सीमित गरिएको छ । सम्बन्धित गाउँ विकास समितिका अध्यक्षहरु ३ जना, गाउँ विकास समिति भित्रका विद्यालयका प्रधानाध्यापकहरु प्रत्येक गाउँ विकास समितिबाट ३ जनाका दरले १८ जना, शिक्षकहरु प्रत्येक गाउँ विकास समितिबाट ६ जनाका दरले १८ जना, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु प्रत्येक गाउँ विकास समितिबाट ३ जनाका दरले ९ जना, शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु प्रत्येक गाउँ विकास समितिबाट ३

जनाका दरले ९ जना तथा सो क्षेत्रका स्रोतव्यक्ति १ जनाका सूचना तथा जानकारीहरुमा प्रस्तुत शोध सीमित रहेको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया सम्बन्धी प्रस्तुत शोधकार्यको यस परिच्छेदमा सम्बन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका समाविष्ट गरिएका छन् । गाउँ शिक्षा योजनाको विषयवस्तुमा हालसम्म कुनै ठोस शोध अनुसन्धान भएको नपाइएकोले गाउँ शिक्षा योजनाको निर्माण आधारको रुपमा रहेको विद्यालय सुधार योजना सम्बन्धमा भए गरेका शोध अनुसन्धान एवं आलेखहरुको पुनरावलोकन गरिएको छ । यसरी समाविष्ट गरिएका सिद्धान्तहरुले प्रस्तुत शोधलाई अगाडि बढाई निष्कर्षमा पुऱ्याउन सघाउ पुऱ्याएको छ ।

## २.१ सम्बधिन्त साहित्यको पुनारावलोकन

काफ्ले र अन्य (२०६०) काअनुसार विद्यालय सुधार योजनाका चरणहरु विद्यालय सेवा क्षेत्रको सर्वेक्षण गरी विद्यमान शैक्षिक अवस्थाका आवश्यकताको पहिचान एवं विश्लेषण, समस्याका कारक तत्वहरुको विश्लेषण र तिनको निराकरणका उपायहरुको पहिचान, आवश्यकताको प्राथमिकताक्रम निर्धारण, स्रोतहरुको आङ्कलन, पहिचान एवं विश्लेषण, विद्यालयको दीर्घकालीन तथा अल्पकालीन उद्देश्य निर्धारण, कार्यक्रम निर्धारण र यसको उपादेयताको पहिचान, शैक्षिक सूचकहरुको निर्माण र आवधिक लक्ष्य निर्धारण, कार्यक्रम कार्यान्वयनको निम्ति आवश्यक लागत अनुमान र स्रोतको खोजी, योजनाको मूल्याङ्कन, कार्यक्रम कार्यान्वयन, कार्यक्रम लक्ष्यतर्फ उन्मुख भए नभएको अनुगमन र अनुगमनबाट देखिएका कमि कमजोरीको निराकरण गर्नु रहेका छन् ।

थापा (२०६२) काअनुसार स्थानीय स्तरमा विद्यालयहरुले तयार गरेको विद्यालय सुधार योजना र गाउँ विकास समिति तथा नगरपालिकाले तयार गर्ने गाउँ वा नगर शिक्षा योजना तल्लो निकायहरुबाट तयार पारिने योजनाहरु हुन् । स्थानीय सरोकारवालाहरुको प्रत्यक्ष संलग्नतामा तयार गरिने यी योजनाहरुको छनोट, निर्माण र

कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय सरोकारवालाहरु नै सबैभन्दा बढी अर्थपूर्ण र सान्दर्भिक रहन्छन् ।

सिंह (२०६५) ले विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन शीर्षकमा गर्नुभएको शोध अध्ययनबाट प्राप्त निष्कर्षले विकेन्द्रित विद्यालयमा शासनको अवधारण अन्तर्गत स्वयोजना निर्माणको अभ्यास, योजना निर्माणको क्रममा देखिएका सवल एवं दुर्वल पक्षहरुको पहिचानका साथै योजनाको निर्माण र कार्यान्वयनमा प्रभावकारिता अभिवृद्धि गर्न सघाउ पुग्ने अपेक्षा गरिएको छ । शोध अध्ययनको सन्दर्भमा अन्तरवार्ता, प्रश्नावली, अन्तरक्रिया, सर्वेक्षण र छलफल विधिलाई प्राथमिक तथा शोधसँग सम्बन्धित लेख रचनाहरुलाई सहायक सामग्रीको रुपमा प्रयोग गरेको छ । अध्ययनको क्रममा शिक्षक, प्रधानाध्यापक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति लगायतका सरोकारवालाहरुसँग छलफल अन्तरक्रिया गरिएको छ । शोध अध्ययनको विषयलाई तीन भागमा बाँडेर पहिलो भागमा विद्यालय सुधार योजनाको निर्माण प्रक्रियामा देखिएका समस्या, दोस्रो भागमा कार्यान्वयन तहमा देखिएका समस्या र  तेस्रो भागमा समस्या समाधानका उपायहरुलाई राखी सहभागितामूलक ढङ्गले विद्यालय सुधार योजना निर्माण हुन नसक्नु, समस्याको सही पहिचान हुन नसक्नु, योजना कार्यान्वयन तहमा सरोकारवालाहरुको प्रतिवद्धता, लगनशीलता र भूमिका अपेक्षित हुन नसक्नु, योजना कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था हुन नसक्नु, कामको स्पष्ट बाँडफाँड र जिम्मेवारी तोक्न नसक्नु, योजनाको आवधिक समीक्षा नहुनु, मूल्याङ्कन तथा अनुगमन प्रणाली प्रभावकारी नरहनु मुख्य समस्याको रुपमा प्रस्तुत गरिएको छ । विद्यालय सुधार योजना निर्माणको क्रममा देखिएका त्रुटिहरु निराकरण गर्नुपर्ने, समस्या र आवश्यकताको पहिचान र प्राथमिकीकरण वस्तुगत ढङ्गले गर्ने, कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गर्ने, साधन स्रोतको सहज उपलब्धता मिलाउनु पर्ने जस्ता समाधानका उपायहरु समेत उल्लेख गरिएको छ ।

माथि उल्लेखित विद्यालय सुधार योजना सम्बन्धी विभिन्न लेख, रचना, अध्ययन र पुस्तकहरुबाट गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन सम्बन्धमा यो निष्कर्ष निकाल्न सकिन्छ कि गाउँ शिक्षा योजना निर्माण गर्न स्थानीय सरोकारवाला,

अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, स्थानीय सङ्घसंस्थाहरु सँगको सहकार्यबाट गाउँ विकास समिति क्षेत्रका विद्यालयहरुका समस्या पहिचान गरी प्राथमिकीकरण पश्चात उद्देश्य निर्धारण गरी सो उद्देश्य प्राप्त गर्न विभिन्न योजना तथा कार्यक्रम तयार पारी गाउँ शिक्षा समितिको दूरदृष्टि समेतलाई ध्यानमा राख्दै गाउँ शिक्षा योजना कार्यान्वयन गर्ने, त्यसबाट प्राप्त हुने शैक्षिक उपलब्धिको सूचक समेत तयार पारी अनुगमन तथा मूल्याङ्कन गर्ने र आवधिक रुपमा योजना पुर्नमूल्याङ्कन तथा पुनः निर्माण गर्दै लैजाने जसबाट भविष्यमा विद्यालयहरुको चौतर्फी विकासलाई सम्पूर्ण स्रोत साधनले भरिपूर्ण तथा उच्च शैक्षिक उपलब्धि प्राप्त गर्ने भन्ने आशय बुझिन्छ। साथै गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा भएका समस्याहरु औंल्याइएको छ जसमा सरोकारवाला, अभिभावक, प्रधानाध्यापक आदिले झेल्नुपरेका समस्याहरुको उठान तथा समाधानका उपायहरुको खोजी गरी पत्ता लागेका कुराहरु प्रस्तुत गरिएको छ। यसबाट गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयन गर्न आगामी दिनमा सहज र प्रभावकारी हुने कुरा यी लेख, रचना, अध्ययन तथा पुस्तकहरुबाट प्राप्त हुनेछन्। गाउँ शिक्षा योजनाको निर्माण तथा कार्यान्वयन बारे हालसम्म कुनै पनि अध्ययन अनुसन्धान नभेटिएकोले यस विषयलाई ध्यानमा राखी गाउँ शिक्षा योजना निर्माण एवम् कार्यान्वयन सम्बन्धमा अध्ययन अनुसन्धान गरी निष्कर्ष निकाल्ने प्रयत्न गरिएको छ।

## २.२ सैद्धान्तिक खाका

अनुसन्धान कार्यलाई निचोडमा पुऱ्याउन पूर्वस्वीकृत सिद्धान्तको आधार लिई विश्लेषण गर्न सान्दर्भिक हुने भएकोले यस अध्ययनको सैद्धान्तिक आधारको रुपमा रहेको फेड्रिक टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (सन् १९११) र डेमिङको गुणस्तर व्यवस्थापन सिद्धान्त (सन् १९५१) लाई लिइएको छ।

एफ. डब्ल्यू. टेलरद्वारा प्रतिपादित वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (सन् १९११) अनुसार वैज्ञानिक व्यवस्थापन भनेको व्यवस्थापनलाई व्यवस्थित, वैज्ञानिक, तर्कपूर्ण एवं तथ्य केन्द्रित बनाउनु हो। वैज्ञानिक व्यवस्थापनको प्रादुर्भावले गर्दा व्यवस्थापन अब परम्परामा आधारित एउटा सामान्य ज्ञान, अनुमान, भूल सुधार तथा प्रयासमा मात्र सीमित नरहेर एउटा व्यवस्थित एवम् क्रमवद्ध प्रयोग र विश्लेषणमा

आधारित विज्ञानका रुपमा स्थापित हुन पुगेको छ। वैज्ञानिक व्यवस्थापन प्रत्येक कार्य एउटा विज्ञान हो र कुनै पनि कार्य गर्नका लागि एउटा सर्वोत्तम तरिका हुन्छ भन्ने अवधारणामा आधारित छ (पोखरेल, २०६८)।

टेलरले कुनै पनि सङ्गठनमा काम गर्दै जाँदा त्यसबाट प्राप्त हुने अनुभव प्रयोग र अुसन्धानबाट सङ्गठनका समस्याहरु पहिचान गरी त्यसको वैज्ञानिक समाधान गरेर उच्च उपलब्धि लिन सकिने कुरामा जोड दिएका छन्। कनै पनि काम परम्परागत रुपमा नै गरिरहनु भन्दा त्यो काम कसरी गर्दा कम समय र कम खर्चमा सम्पन्न गर्न सकिन्छ, कामदारहरुलाई कसरी खुशी राख्न सकिन्छ, कामको स्तर, आराम, काम सक्ने समय, कामको गुणस्तर जस्ता कुराहरुमा विशेष ध्यान दिनु पर्दछ। साथै काममा एकरुपता तथा सरल तरिकाले काम गर्न आवश्यक पर्ने औजार तथा सामग्रीको व्यवस्था गरी कार्य गर्न प्रेरित गरेका छन्। कुनै पनि काम गर्न कामदार कर्मचारीहरुको वैज्ञानिक र सर्वमान्य सिद्धान्तको आधारमा छनोट गर्नुपर्छ साथै उत्पादकत्वमा वृद्धि गर्न समय समयमा तालिमको व्यवस्था पनि गर्नु पर्दछ र जुन व्यक्ति जुन कामका लागि योग्य छ उसलाई त्यही काम जिम्मा लगाउँनु पर्दछ। कामदारहरु बीच सौहार्द सम्बन्ध स्थापित गर्नु पर्दछ। हरेक कममा सहयोगको आदान प्रदान गर्नुपर्दछ र कामदार कर्मचारीहरुलाई मेशिनको रुपमा नहेरी उनीहरुको सोच, अनुभव तथा विचारहरुलाई मान्यता दिई कामदार तथा रोजगारदाता बीचमा सकारात्मक दृष्टिकोण राख्नुपर्दछ।

उच्चतम र गुणस्तरीय उत्पादन प्राप्त गर्न कामदार कर्मचारीहरुलाई उचित तलब तथा पारिश्रमिकको व्यवस्था गर्नुपर्दछ जसबाट आर्थिक समस्यामा अल्झिएर अन्य काममा ध्यान नजाओस् तथा विशिष्ट विशेषज्ञले मात्र कामको सुपरिवेक्षण तथा निरीक्षण गरी आवश्यक निर्देशन र सुझाव दिनु पर्दछ।

गाउँ शिक्षा योजना निर्माण एवं कार्यान्वयनको विषयमा गरिएको यस अध्ययनलाई अगाडि बढाउन टेलरको सिद्धान्तले मार्ग निर्देश गरेको छ। गाउँ शिक्षा योजनाको निर्माण कार्यमा संलग्न हुने विभिन्न पक्षहरुको सहभागिता एवं संलग्नताका सावलमा उनीहरुको कार्यक्षमताको प्रयोगमा गरिएको व्यवस्थापन बारे विश्लेषण गर्न वैज्ञानिक व्यवस्थापन सिद्धान्तलार्य आधारको रुपमा लिइएको छ। त्यसरी नै

कामदारको रुपमा योग्य र दक्ष शिक्षकको व्यवस्थापन तथा उनीहरुबाट उच्चतम प्रतिफल प्राप्त हुने गरी शिक्षण सिकाइ गराउने वातावरणको व्यवस्थापन तर्फ गाउँ शिक्षा योजनाको ध्यानाकर्षण भए नभएको आधारमा योजना कार्यान्वयनको विश्लेषण गर्न यस सिद्धान्तले आाधार प्रदान गरेको छ ।

डेमिङको गुणस्तर व्यवस्थापन सिद्धान्त सन् १९५१) अनुसार गुणस्तरीय उत्पादन प्राप्त गर्न गुणस्तरमा सुधार गर्नुपर्दछ जसबाट असक्षमता हट्दछ । हरेक क्षेत्रमा सफलता हासिल गर्न निरन्तर रुपमा गुणस्तर सुधारमा ध्यान दिनुपर्दछ साथै ग्राहकलाई देवता मानी उनीहरुको चाहना अनुसारको उत्पादन दिन सक्नुपर्दछ । ग्राहकलाई उच्च स्थानमा राखी उनीहरुलाई सङ्गठनको सफलताको रुपमा लिनुपर्दछ (के.सी., २०६३) ।

कुनै पनि कार्य गर्ने निश्चित प्रणाली हुनुपर्छ । सम्पूर्ण प्रणालीमा नै सुधार ल्याउनुपर्छ । कार्य गर्ने क्रममा भएका कमजोरीहरुमा कसैलाई दोष दिनु हुँदैन साथै काम गर्ने योजना बनाउनुपर्छ र काम गरिरहनु पर्छ । साथै यो प्रक्रिया निरन्तर चक्रको रुपमा प्रयोग गर्नुपर्दछ । निरन्तर सुधार भएको नभएको हेर्नुपर्दछ । तालिम, नेतृत्वसिप तथा उत्प्रेरणा जागृत गराई हर समय कार्य प्रगतितर्फ उन्मुख गराउनु पर्ने कुरामा जोड दिएका छन् (के.सी., २०६३) ।

डेमिङले मुनाफाभन्दा पनि गुणस्तरमा ध्यान दिने नयाँ नयाँ प्रयोग र अभ्यास गर्ने, निरीक्षण प्रणाली दोषरहित बनाउने, उत्पादन प्रक्रियामा सुधार ल्याउने, तालिमको व्यवस्था तथा गुणस्तरीय कच्चा सामग्री खरीद गर्न जोड दिने, कार्यस्थलबाट डर त्रास हटाउने, प्रभावकारी नेतृत्व प्रदान गर्ने, समूहकार्य र सबैलाई सबै काममा सहभागी गराउन जोड दिने, प्रतिस्पर्धामा काम लगाउँने भन्दा पनि गुणस्तरमा ध्यान दिने, केही समस्याहरु जस्तो द्वन्द्व, त्रुटिपूर्ण प्रविधि जस्ता कुराहरुलाई समयमै सुधार गर्ने, शिक्षा तथा स्व-सुधारमा जोड दिने जस्ता उपायहरु अवलम्वन गरेमा कुनै पनि सङ्गठनले आफ्नो उद्देश्य सफलतापूर्वक हासिल गर्न सक्ने कुरामा विश्वास लिन सकिन्छ ।

प्रस्तुत अध्ययनले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर उन्नयनको प्रयत्नको रुपमा गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनको बारेमा अनुसन्धान

गरेकाले डेमिङको सिद्धान्तलाई गुणस्तर सुधारको लागि आधारको रुपमा लिई विद्यालयको शैक्षिक गुणस्तरको सुधारमा गाउँ शिक्षा योजनाको भूमिका विश्लेषण गरिएको छ । निर्माण भएको गाउँ शिक्षा योजनाको कार्यान्वयनमा गुणस्तरीय प्रतिफल प्राप्त गर्ने आवश्यक व्यवस्थापन भएको छ या छैन भन्ने विश्लेषण गर्नका लागि डेमिङको सिद्धान्तको उपयोग गरिएको छ ।

## २.३ पुनरावलोकनको उपादेयता

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रिया शीर्षकमा गरिएको अनुसन्धानका लागि अध्ययन गरिएका साहित्यहरुमा योजना निर्माण गर्नु अघिको विद्यालयहरुको अवस्था कस्तो थियो र योजनाले विद्यालयको कुन कुन पक्षमा सुधारका लागि जोड दिइएको छ, योजना निर्माणका समयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक, स्रोतव्यक्ति, शिक्षक अभिभावक सङ्घ, अभिभावक, सरोकारवालाहरु, स्थानीय निकाय तथा सङ्घसंस्थाहरुसँगको सहकार्यबाट बनेका योजनाहरुमा के कस्ता कमजोरीहरु रहे र के कस्ता उपलब्धिहरु प्राप्त भए भन्ने कुरा पत्ता लगाई एक निश्चित अवधिको अवस्था पत्ता लगाउन पूर्वसाहित्यको अध्ययनले सघाउ पुऱ्याएको छ ।

विद्यालयहरुले पृथक पृथक रुपमा निर्माण गरेका विद्यालय सुधार योजनाहरुको समष्टिगत रुप नै गाउँ शिक्षा योजना हुने भएकाले यसको निर्माणमा विद्यालयहरुको सहभागिताको महत्वलाई यस अध्ययनले उजागर गरेको छ । यसका साथै विद्यालय र स्थानीय निकाय बिचको सम्बन्ध समेत यसले प्रष्ट्याएको छ । गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनबाट एउटा गाउँ शिक्षा समिति अर्थात एउटा गाउँ विकास समितिभित्र रहेका सबै सामुदायिक विद्यालयहरुका कृयाकलापहरुमा एकरुपता कायम भई गुणस्तरमा समेत समानता आउन सक्ने भएकाले प्रस्तुत अध्ययनले स्थानीय तहमा शैक्षिक गुणस्तरको समान स्तरीयता र उन्नयनका लागि समेत मार्ग प्रशस्त गरेको छ ।

त्यसै गरी यो अध्ययनका लागि छनोट गरिएको सिद्धान्त एफ. डब्ल्यू टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र डेमिङको गुणस्तर व्यवस्थापन सिद्धान्तलाई समेत आधार मानेर अध्ययन गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ ।

विद्यालयहरु सञ्चालन गर्न परम्परागत रुपमा चलिआएको प्रविधिभन्दा फरक ढङ्गले व्यवस्थित गर्न सकेमा छोटो समयमा धेरै उपलब्धि लिन सकिन्छ भन्ने कुरा वैज्ञानिक व्यवस्थापनको सिद्धान्त र गुणस्तर व्यवस्थापन सिद्धान्तबाट प्राप्त गरिएको छ ।

प्रस्तुत अध्ययनलाई अगाडि बढाउनका लागि पुनरावलोकन गरिएका पूर्व साहित्यबाट मूलतः शैक्षिक विकेन्द्रीकरण तथा शैक्षिक योजना निर्माणको प्रक्रियाका बारेमा आधारभूत जानकारी प्राप्त भएको छ । यसले गर्दा प्रस्तुत अध्ययनमा गाउँ शिक्षा योजनाको निर्माण एवं कार्यान्वयन प्रक्रियाको मूल्याङ्कन सहज भएको छ ।

पुनरावलोकन गरिएका सैद्धान्तिक पक्षबाट प्रस्तुत अध्ययनमा सैद्धान्तिक आधाार प्राप्त भएको छ । टेलर र डेमिङको सिद्धान्तबाट मानव संसाधनको सही एवं उपयुक्त उपयोग तथा उच्चतम प्रतिफल प्राप्तिको उपाय सम्बन्धमा समेत सैद्धान्तिक आधार प्राप्त भएको छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

प्रस्तुत अनुसन्धान कार्यलाई विश्वसनीय र भरपर्दो ढङ्गले निष्कर्षमा पुऱ्याउन निम्नानुसारको अध्ययन विधि अवलम्बन गरिएको छ :

## ३.१ अनुसन्धान ढाँचा

प्रस्तुत शोधका लागि सङ्कलित तथ्याङ्कहरुलाई गुणात्मक विधिबाट प्रस्तुतीकरण र व्याख्या विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ । विचारजन्य तथ्याङ्कलाई शब्दहरुको माध्यमबाट गुणात्मक ढङ्गले प्रस्तुतीकरण एवं व्याख्या विश्लेषण गरिएको छ भने गणितीय तथ्याङ्कलाई प्रतिशत, तालिका, औसत जस्ता परिमाणात्मक ढङ्गले प्रस्तुतीकरण एवं व्याख्या विश्लेषण गरिएको छ । समग्रमा यो शोधकार्य गुणात्मक ढाँचाको रहेको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

### ३.२.१ जनसङ्ख्या

प्रस्तुत अध्ययनको जनसङ्ख्याको रुपमा इलाम जिल्लामा रहेका ४४ वटा गाउँ विकास समितिहरु र ३ वटा नगरपालिकाहरु, नगरपालिकाका मेयरहरु, गाउँ विकास समितिका अध्यक्षहरु, स्रोतव्यक्तिहरु, जिल्लाभित्र सञ्चालित सामुदायिक विद्यालयहरु, उक्त विद्यालयहरुका प्रधानाध्यापकहरु, शिक्षकहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु समेतलाई लिइएको छ ।

### ३.२.२ नमुना

अध्ययनको नमुनाका लागि इलाम जिल्लाका ४३ वटा गाउँ विकास समिति र ३ नगरपालिका मध्ये ३ वटा गाउँ विकास समितिलाई सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट गरिएको छ । गाउँ विकास समिति अध्यक्ष र स्रोतव्यक्ति उद्‌देश्यपूर्ण नमुना छनोट विधिबाट छनोट गरिएको छ भने विद्‌यालयहरुको छनोट सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ । छनोटमा परेका विद्‌यालयका प्रधानाध्यापकहरु, विद्‌यालय व्यवस्थापन समितिका अध्यक्षहरु र शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु

उद्‌देश्यपूर्ण विधिबाट छनोट गरिएका छन् र शिक्षकहरुको छनोट सम्भावनायुक्त नमुना छनोट विधिबाट गरिएको छ ।

### ३.२.३ नमुनाको आकार

प्रस्तुत शोधका निम्ति इलाम जिल्लामा रहेका ४३ गाउँ विकास समितिहरु र ३ नगरपालिकाहरु मध्ये ३ वटा गाउँ विकास समितिहरु नमुनाको रुपमा छनोट गरिएको छ । छनोटमा परेका ३ वटा गाउँ विकास समितिका ३ जना अध्यक्षहरु, छनोटमा परेका प्रत्येक गाउँ विकास समिति बाट ३ जनाका दरले ९ जना प्रधानाध्यापकहरु, प्रत्येक गाउँ विकास समितिबाट १ जनाका दरले ३ जना विद्‌यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्रत्येक गाउँ विकास समितिबाट १ जनाका दरले ३ जना शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु, प्रत्येक गाउँ विकास समितिबाट ६ जनाका दरले १८ जना शिक्षकहरु र छनोटमा परेका गाउँ विकास समिति रहेको स्रोतकेन्द्रका १ जना स्रोतव्यक्तिहरुलाई पनि नमुनाको रुपमा लिइएको छ । नमुनाको आकारलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

## ३.३ अनुसन्धानका साधनहरु

### ३.३.१ अन्तरवार्ता

प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि प्रधानाध्यापकहरु, विद्‌यालय व्यवस्थापन समिति अध्यक्षहरु, स्रोतव्यक्ति, शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु र शिक्षकहरुसँग असंरचित अन्तरवार्ता गरी प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.३.२ प्रश्नावली

प्रस्तुत शोधकार्यका लागि आवश्यक गुणात्मक तथा परिमाणात्मक तथ्याङ्कको लागि खुला प्रश्नावली प्रयोग गरिएको छ । स्रोतव्यक्ति, विद्‌यालयका शिक्षक, प्रधानाध्यापक, गाउँ विकास समिति अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष तथा विद्‌यालय व्यवस्थापन समितिका अध्यक्षहरुबाट लिखित प्रतिक्रिया र धारणा प्राप्त गर्न यो तथ्याङ्क सङ्कलनको साधन प्रयोग गरिएको छ । प्रश्नावलीहरु अनुसूची १, २, ३, ४, ५ र ६ मा राखिएको छ ।

### ३.३.३ लक्षित समूह छलफल

गाउँ शिक्षा योजना सम्बन्धी धारणा र जानकारी प्राप्त गर्न स्रोतव्यक्ति, प्रधानाध्यापकहरु, गाउँ विकास समिति अध्यक्ष, शिक्षक अभिभावक सङ्घका अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र शिक्षकहरु बीचमा लक्षित समूह छलफल सञ्चालन गरी तथ्याङ्क सङ्कलन गरिएको छ। लक्षित समूह छलफल निर्देशिका अनुसूची ६ मा राखिएको छ।

### ३.३.४ अभिलेख अध्ययन

गाउँ शिक्षा योजना सम्बन्धी द्वितीयक तथ्याङ्कहरु प्राप्त गर्न यस क्रममा गाउँ शिक्षा समितिले गाउँ शिक्षा योजना निर्माण गर्ने क्रममा गरेका निर्णयहरु, सम्पन्न गरेका कार्यहरु तथा पूरा गरेका प्रक्रियाहरु सँग सम्बन्धित विभिन्न अभिलेख अध्ययन गरिएको छ।

## ३.४ तथ्याङ्कको स्रोत

प्रस्तुत अध्ययन कार्यलाई पूर्णता दिनका लागि तथ्याङ्क सङ्कलनका प्राथमिक र सहायक दुवै स्रोतहरुको प्रयोग गरिएको छ।

### ३.४.१ प्राथमिक स्रोत

अध्ययनका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क सङ्कलन गर्न विद्यालय अवलोकन फाराम, अन्तरर्वाता, प्रश्नावली तथा छलफल जस्ता साधनको प्रयोग गरिएको छ।

### ३.४.२ द्वितीयक स्रोत

छनोटमा परेका गाउँ विकास समितिमा गठित गाउँ शिक्षा समितिको गाउँ शिक्षा योजना, लेख, रचना, विद्यालयहरुका अभिलेखहरु, तालिका र अवस्था अध्ययन, स्रोतकेन्द्रका अभिलेखहरुको अध्ययन गरी द्वितीय स्रोतका तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत अनुसन्धानका लागि आवश्यक पर्ने तथ्याङ्क सङ्कलन गर्नका लागि निर्माण गरिएका साधनहरुको साथमा अध्ययनकर्ता अध्ययन क्षेत्रमा गई गाउँ शिक्षा

समितिका पदाधिकारीहरुसँग प्रत्यक्ष व्यक्तिगत भेटघाट गरी अध्ययनको उद्देश्य र प्रक्रिया बारे प्रष्ट पारियो । अध्ययनको बारेमा स्पष्ट पारिसके पछि असंरचित अन्तरवार्ता र प्रश्नावलीको माध्यमबाट उनीहरुका धारणा लिने कार्य गरियो । त्यसपछि नमुनामा परेका सबै जनसंख्यालाई एकै स्थालमा भेला गराई लक्षित समूह छलफल चलाइयो र आवश्यक जानकारी लिइयो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

सम्बन्धित क्षेत्रबाट तथ्याङ्क सङ्कलनका विभिन्न साधनहरु प्रयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई विभिन्न उपशीर्षकहरुमा विभाजन गरी तथ्याङ्कको प्रकृति अनुसार विचारजन्य तथ्याङ्कलाई गुणात्मक विधिबाट र गणितीय तथ्याङ्कलाई परिमाणात्मक विधिबाट व्याख्या विश्लेषण गरिएको छ । परिमाणात्मक विधि अन्तर्गत तालिकीकरण, औसत, प्रतिशत, चार्ट, चित्रको उपयोग गरिएको छ ।

# परिच्छेद चार

# नतिजाको विश्लेषण

सङ्कलित तथ्याङ्कलाई यस परिच्छेदमा विभिन्न अध्ययनको उद्देश्य अनुरुप उपशीर्षक अन्तर्गत विभाजन गरी प्रस्तुती एवं व्याख्या विश्लेषण गरिएको छ ।

## ४.१ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको अवस्था

अध्ययन क्षेत्रमा छनोटमा परेका गाउँ शिक्षा समितिहरुमा गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनको अवस्थालाई  निम्न उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ :

### ४.१.१ गाउँ शिक्षा योजना निर्माणको अवस्था

नमुना छनोटमा परेका तीनवटा गाउँ विकास समितिहरुमा गाउँ शिक्षा योजना निर्माणको अवस्थालाई निम्नानुसार उपशीर्षकहरुमा व्याख्या विश्लेषण गरिएको छ :

**योजना निर्माण प्रक्रिया**

योजना निर्माण प्रक्रियाको बारेमा तीनवटै गाउँ विकास समितिभित्रका सरोकारवालाहरुसँग सम्पन्न छलफल र अन्तरक्रियाबाट प्राप्त जानकारी अनुसार सरोकारवाहरु मध्ये सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, प्रधानाध्यापकहरु र स्रोतव्यक्तिले गाउँ शिक्षा समितिद्वारा गठित समितिले गाउँ शिक्षा योजनाको निर्माण गर्ने बताए भने गाउँ विकास समितिका अध्यक्षहरुले गाउँ शिक्षा समितिले निर्माण गर्ने बताए । शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु र शिक्षकहरुमा भने मतैक्यता देखिएन । शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु मध्ये ४ जनाले गाउँ विकास समितिले र ५ जनाले सरोकारवालाहरुद्वारा गठित समितिले गाउँ शिक्षा योजनाको निर्माण गर्ने बताए । त्यसरी नै ३ जना शिक्षकले गाउँ विकास समितिले, ५ जनाले गाउँ शिक्षा समितिले, ६ जनाले गाउँ शिक्षा समितिद्वारा गठित समितिले र ४ जनाले सरोकारवालाहरुद्वारा गठित प्राविधिक समितिले गाउँ शिक्षा योजनाको निर्माण गर्ने कुरा बताए ।

त्यसरी नै निर्माण प्रकृयाको बारेमा गरिएको प्रश्नमा सबै प्रधानाध्यापकहरु, स्रोतव्यक्ति र १२ जना शिक्षकहरुले सबै विद्यालयहरुको विद्यालय सुधार योजनाको अध्ययन गरी गाउँ शिक्षा योजना निर्माण हुने बताए । सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु र शिक्षक अभिभावक सङ्घका अध्यक्षहरु तथा ४ जना शिक्षकहरुले बैठकबाट गाउँ शिक्षा योजनाको निर्माण हुने बताए भने सबै गाउँ विकास समितिका अध्यक्षहरु र २ जना शिक्षकहरुले कार्यदलबाट गाउँ शिक्षा योजनाको निर्माण हुने बताए ।

यसरी प्राप्त तथ्याङ्कले सरोकारवालाहरु नै गाउँ शिक्षा योजना निर्माण प्रक्रिया बारेमा सचेत भइनसकेको अवस्था देखाएको छ ।

**योजनाको लक्ष्य निर्धारण**

गाउँ शिक्षा योजना निर्माणको अवस्था विश्लेषण गर्न छनोटमा परेका गाउँ विकास समितिको पाँच वर्षे आवधिक शैक्षिक योजनामा भौतिक तथा शैक्षिक व्यवस्थापन तर्फको लक्ष्य अध्ययन गरिएको छ । प्राप्त जानकारी अनुसार तीनवटा गाउँ विकास समितिको लक्ष्य निर्धारण एकै किसिमको रहेको पाइँदैन ।

चिसापानी गाउँ विकास समितिको गाउँ शिक्षा योजनाले गाउँ विकास समितिभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको समानुपातिक विकासको अवधारणा राखेको पाइन्छ । सबै विद्यालयहरुमा शौचालयको व्यवस्था गर्ने, खेलमैदान नभएका विद्यालयहरुमा खेलमैदानको व्यवस्था गर्ने, आवश्यकता अनुसार फर्निचर, विद्यालय भवन, शिक्षक दरवन्दी आदिको बाँडफाँडबाट योजनाले समृद्ध विद्यालयको परिकल्पना गरेको देखिन्छ ।

महमाई गाउँ विकास समितिको गाउँ शिक्षा योजनाको अध्ययन गर्दा गाउँ शिक्षा योजनाले गाउँ विकास समितिभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको समानुपातिक विकासको अवधारणा राखेको पाइन्छ । सबै विद्यालयहरुमा थप अङ्ग्रेजी विषय पठनपाठनको व्यवस्था गर्ने, कम्प्युटर शिक्षाको व्यवस्था गर्ने, आवश्यकता अनुसार फर्निचर, विद्यालय भवन, कक्षाकोठा निर्माण, खेलमैदान, घेरावारा आदिको बाँडफाँडबाट योजनाले समृद्ध विद्यालयको परिकल्पना गरेको देखिन्छ ।

दानावारी गाउँ विकास समितिमा भने यस ढंगले वृहत्तर रुपमा लक्ष्य निर्धारण गरेको पाइएन ।

## योजना निर्माणमा सरोकारवालाहरुको संलग्नताको अवस्था

कुनै पनि संस्थाको लक्ष प्राप्तीको निम्ति संस्थाले निर्माण गरेको योजनाको कार्यान्वयन आवश्यक छ । योजना निर्माणका सम्पूर्ण प्रक्रियामा सम्बन्धित क्षेत्रका सरोकारवालाहरुको उपस्थिति हुन सकेन भने सोको प्रभावकारी कार्यान्वयन प्राय: असम्भव नै छ । त्यसो त योजनामा सरोकारवालाहरुको अपनत्वको भावना पनि जागृत हुन सक्तैन । यस्तो भएमा योजनाले प्राप्त गर्नु पर्ने पोषणत्व प्राप्त गर्न नसके अपेक्षित उपलब्धिको प्राप्ति पनि असम्भव हुन्छ । नमुना छनोट गरिएका तीनवटै गाउँ विकास समितिहरुमा शोध अनुसन्धान कार्य अगाडि बढाउने सिलसिलामा सरोकारवालाहरुसँगको छलफल आदिबाट प्राप्त सरोकारवालाहरुको संलग्नताको स्थितिलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ :

गाउँ शिक्षा योजनाको निर्माणमा स्रोतव्यक्ति मात्र पूर्ण रुपमा संलग्न भएको देखिन्छ । विद्यालयका प्रधानाध्यापकहरु तथा अन्य सरोकारवालाहरुले पूर्ण रुपमा संलग्नता राखेको देखिदैन । गाउँ विकास समितिका अध्यक्ष, अधकांश शिक्षक तथा प्रधानाध्यापकहरु समय नपुग्ने कारण संलग्न हुन नसकेको तथा अधिकांश शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई यस सम्बन्धमा जानकारी नगराइएको तथ्याङ्कले देखाएको छ ।

एफ.डब्ल्यू टेलरका अनुसार कामदारको परम्परागत कार्यशैलीलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्ने तथा कामदारको छनोट वैज्ञानिक ढंगबाट गरी छनोट भएका कामदारलाई उपयुक्त तालिम प्रदान गरी काममा लगाउनु पर्ने र त्यसबाट मात्र उत्पादकत्वमा वृद्धि हुने कुरालाई आधार मान्दा सम्बन्धित सरोकारवालाहरुको सक्रिय सहभागितामा निर्माण भएको योजनाले मात्र लक्ष्य तथा उद्देश्य पूरा हुन सक्ने यथार्थतालाई उपहास गरेको पाइन्छ । यसै गरी डेमिङको गुणस्तर व्यवस्थापन सिद्धान्तमा व्याख्या गरिए झैं प्रभावकारी नेतृत्व प्रदान गर्ने कार्य तथा काममा सबैलाई सहभागी गराएर समूह कार्यलाई गति दिने तथा उत्पादन प्रक्रियामा सुधारका लागि

तालिमको प्रबन्ध भने झैं उत्तम प्रतिफल प्राप्तिका लागि बीच बीचमा अनुगमन पृष्ठपोषणको तथा समीक्षात्मक मूल्याङ्कनको विलकुलै अभाव भएको देखियो ।

त्यसकारण गाउँ शिक्षा योजना निर्माण गर्दा कार्यान्वयन एवं शैक्षिक परिवर्तनका लागि योजना निर्माण गर्न सम्बद्ध पक्षलाई पूर्ण जानकारीका साथ सक्षम बनाई स्वतःस्फूर्त रुपमा योजना निर्माण प्रक्रियामा संलग्न गराउनु आवश्यक देखिएको छ ।

### ४.१.२ गाउँ शिक्षा योजना कार्यान्वयनको अवस्था

निर्माण भएका गाउँ शिक्षा योजनाहरुको कार्यान्वयनको अवस्था पत्ता लगाउन नमुना छनोटमा परेका जनसङ्ख्यासँगको छलफल, कुराकानी तथा अभिलेख अध्ययन समेतबाट प्राप्त जानकारी अनुसार कुनै पनि गाउँ विकास समितिमा गाउँ शिक्षा योजनाको कार्यान्वयन पूर्ण रुपमा हुन नसकेको पाइयो । निर्माण गरिएको गाउँ शिक्षा योजनाको कार्यान्वयनको चरणमा छनोटमा परेका सबै गाउँ विकास समितिहरुमा आंशिक रुपमा मात्र योजना कार्यान्वयन भएको अवस्थाबाट योजनाको कार्यान्वयनमा समस्या रहेको देखिन्छ । (स्रोत : स्थलगत सर्भेक्षण, २०७३)

### ४.१.३ गाउँ शिक्षायोजनाका उपलब्धिहरु

गाउँ शिक्षा योजनाको कार्यान्वयनबाट के कति उपलब्धि प्राप्त भयो भनी उत्तरदाताहरुसँग छलफल, प्रश्नावली तथा अभिलेअ अध्ययन समेतबाट प्राप्त जानकारी अनुसार चिसापानी गाउँ विकास समितिमा गाउँ शिक्षा योजनाको लक्ष्य अनुसार नयाँ भवन निर्माण २ वटा (१५ वटाको लक्ष्य), पुनः निर्माण १ वटा (८ वटाको लक्ष्य), मर्मत सम्भार २ वटा (१४ वटाको लक्ष्य), शौचालय १ वटा (७ वटाको लक्ष्य) पूरा भएको पाइयो । महमाई गाउँ विकास समितिमा नयाँ भवन निर्माण ३ वटा (१९ वटाको लक्ष्य), मर्मत सम्भार २ वटा (१४ वटाको लक्ष्य), कक्षाकोठा मर्मत ३ (४३ वटाको लक्ष्य), खानेपानी १ वटा (११ वटाको लक्ष्य) पूरा भएको पाइयो । दानावारी गाउँ विकास समितिमा भने विस्तृत रुपमा लक्ष्य निर्धारण गरी योजना नबनाएको भए पनि गाउँ शिक्षा योजनाको लक्ष्य अनुरुप भनी विद्यालय उमेरका नानीहरुलाई विद्यालय भर्ना गर्न शतप्रतिशत भर्ना घोषणा कार्य गरेको पाइयो ।

गाउँ शिक्षा योजनाको निर्माण, कार्यान्वयन तथा यसका उपलब्धिहरुलाई नियाल्दा गाउँ शिक्षायोजना निर्माणको प्रक्रियामा संलग्न हुने मानव संसाधन कार्यप्रक्रियाका बारेमा स्पष्ट रपमा जानकार नरहेको तथा कार्यान्वयनको पक्षमा सरोकारवाला पक्षहरु बीच आवश्यक तालमेलको अभाव रहेको समेत देखियो ।

## ४.२ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा प्रभाव पार्ने तत्वहरु

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा विभिन्न तत्वहरुले प्रभाव पारेका हुन्छन् । अध्ययन क्षेत्रका गाउँ विकास समितिहरुका नमुना छनोटमा परेका जनसंख्यासँगको भेटघाट, कुराकानी, छलफल र अन्तरक्रियाबाट प्राप्त जानकारी एवं अवलोकन र अभिलेख अध्ययनबाट प्राप्त तथ्य समेतको विश्लेषणबाट गाउँ शिक्षायोजना निर्माण र कार्यान्वयन मूलतः निम्न तत्वहरुबाट प्रभावित रहने गरेको पाइयो :

### ४.२.१ साधन र स्रोतको उपलब्धता

कुनै पनि योजनाको निर्माण गर्नु आफैंमा पूर्ण हुँदैन । त्यसको सफल कार्यान्वयन पनि त्यत्तिकै महत्वपूर्ण हुने गर्दछ । योजनाको कार्यान्वयन गर्दा आवश्यक पर्ने स्रोत र साधन उपलब्ध रहेमा कार्यान्वयन सहज बन्दछ र योजना सफल हुन्छ । आवश्यक स्रोत र साधनको अभाव रहेमा योजना असफल बन्दछ । गाउँ शिक्षायोजनाको निर्माण र कार्यान्वयनमा पनि त्यही अवस्था विद्यमान देखिन्छ । योजना निर्माण गर्दा कार्यान्वयनको निम्ति आवश्यक पर्ने स्रोत र साधनको उपलब्धता बारे नसोचिएको र स्रोत र साधनको अभावमा कार्यान्वयन पक्ष कमजोर रहेको देखिन्छ ।

### ४.२.२ सरोकारवालाहरुको सचेतता र अभिमुखीकरण

कुनै पनि योजनासँग सम्बन्धि मानव संसाधन अर्थात सरोकारवाला पक्षको सचेततामा योजनाको भविष्य आधारित हुन्छ । सरोकारवालाहरु आफ्नो काम, कर्तव्य, अधिकार र दायित्व बारेमा सचेत भएमा योजनाको निर्माण र कार्यान्वयन सहज र सफल हुन्छ भने सरोकारवालाहरुमा सचेतना नभएमा योजनाको निर्माण नै कठिन हुन्छ र निर्माण भइहाले पनि कायाृन्वयन सम्भव हुँदैन ।

### ४.२.३ समन्वय र सहकार्यको वातावरण

योजना निर्माण एकल प्रयासले मात्र सम्भव हुँदैन । योजनाको निर्माण र कार्यान्वयनमा सामूहिक प्रयत्नको आवश्यकता पर्दछ । योजना निर्माता तथा कार्यान्वयनकर्ताहरु बीच आपसी तालमेल, समन्वय र सहकार्य भएमा योजना निर्माण एवं कार्यान्वयन सहज बन्दछ । तर यस किसिमको वातावरण नभएमा योजनाको निर्माण वा कार्यान्वयन सम्भव हुँदैन ।

### ४.२.४ मूल्याङ्कन र पृष्ठपोषणको व्यवस्था

कुनै पनि कार्यको सफलताका लागि त्यसको उपयुक्त मूल्याङ्कन गरी आवश्यक सुधारका लागि यथासमयमा पृष्ठपोषण प्रदान गरिनु पर्दछ । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रक्रियामा योजना निर्माणको पूर्वाभ्यासदेखि योजनाको अन्तिम प्रगति मूल्याङ्कनसम्मका हरेक चरणमा कार्यप्रगतिको मूल्याङ्कन गरी आवश्यकता अनुसारको पृष्ठपोषण प्रदान गर्ने व्यवस्था भएमा कुनै कमी कमजोरी भएमा यथासमयमा नै सुधार गर्ने अवसर प्राप्त हुने भएकाले योजना निर्माण र कार्यान्वयन सहज र सफल बन्दछ । तर मूल्याङ्कन र पृष्ठपोषणको व्यवस्था नभएमा योजना निर्माणकै चरणमा समेत त्रुटि हुन गई प्रयास निष्फल बुअ सक्दछ ।

### ४.२.५ सरोकारवालाहरुको सहभागिता

योजना निर्माणमा सरोकारवालाहरुको सहभागिता कत्तिको प्रभावकारी हुन्छ तयसले योजनाको भविष्य निर्धारण गर्दछ । योजनाको निर्माण र कार्यान्वयनमा सरोकारवालाहरुको सहभागिता राम्रो रहेमा त्यसको कार्यान्वयन समेत प्रभावकारी हुन सक्छ भने निर्माण र कार्यान्वयनमा सरोकारवालाहरुको सहभागिता नरहेमा वा निराशाजनक रहेमा योजना विफल हुन्छ ।

### ४.२.६ सम्बद्ध निकायको सहयोग

योजना निर्माणमा सम्बद्ध निकायको सहयोग उपयुक्त ढंगले प्राप्त भएमा योजनाको निर्माण र कार्यान्वयनले उचित दिशा लिन सक्दछ । गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रक्रियामा आवश्यक पर्ने प्राविधिक सहयोग सम्बद्ध निकाय वा क्षेत्रबाट सहज रुपमा प्राप्त हुन सकेमा सरोकारवालाहरुमा काामप्रति उत्साह जागृत हुने भई कार्यसम्पादन स्तर वृद्धि हुन्छ । फलस्वरुप योजनाको निर्माण र कायाृन्वयनमा

सशक्तता आउँछ । यसको प्रतिकूल सम्बद्ध निकाय - जिल्ला शिक्षा कार्यलय, गाउँ विकास समिति - सहयोगको सवालमा उदास रहेमा वा उपयुक्त सहयोग प्राप्त नभएमा गाउँ शिक्षा योजना निर्माणकै चरणमा विफल हुन्छ ।

यसरी गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा समुदाय, स्थानीय सरकार र शैक्षिक प्रशासनिक क्षेत्र समेतको त्रिपक्षीय भूमिका रहने भएकाले आवश्यक समन्वय र सहकार्यमा मात्र गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन सहज बन्ने देखिन्छ ।

## ४.३ गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरु

गाउँ शिक्षा योजना निर्माणमा देखिएका कमी कमजोरीहरुका कारण निश्चय नै निर्मित योजनाहरुको कार्यान्वयनबाट गाउँको शैक्षिक क्षेत्रमा खासै पहिचान गर्न सक्ने किसिमको सकारात्मक प्रभाव पर्न नसकेको अवस्था छ । स्थानीय तहका योजना निर्माण र कार्यान्यवनका लागि अझैसम्म पनि स्थानीय सरोकारवालाहरुले सम्बन्धित माथिल्लो निकायकै मुख ताक्ने गरेको पाइन्छ । विकेन्द्रीकरणको अवधारणा तथा स्थानीय स्वयत्तता ऐन २०५५ र शिक्षा ऐन सातौ संशोधन २०५७ ले विद्यालय, शिक्षा, जस्ता जनसरोकारका सवालमा सरोकारवालाहरुलाई सक्रिय रुपमा सहभागी हुन मार्ग प्रशस्त गरेको भए तापनि योजनाको निर्माण र कार्यान्वयनमा आवश्यक स्रोत साधनको प्राप्ति तथा परिचालनका लागि माथिल्लो निकाय वा दातृसंस्थाको मुख ताक्ने वा भर पर्ने प्रवृत्ति वर्तमानमा पनि वाधक रहेको छ । योजना निर्माणको क्रममा सरोकारवालाहरुको सक्रिय संलग्नता, सहभागिता तथा उपस्थिति अर्थपूर्ण रुपमा नरहनु, कार्यान्वयनका चरणहरुमा उनीहरु अनभिज्ञ रहनु, सान्दर्भिक नभएको कुरा स्थानीय बुद्धिजीवीहरु बताउँछन् । वास्तममा भएको पनि यस्तै हो । योजना निर्माण पश्चात कसैले पनि यसको अध्ययन गर्ने, सवल र दुर्वल पक्षको पहिचान गरी पृष्ठोषण लिएर अघि बढ्ने गरेको पाइएन । कार्ययोजना अनुरुप कुनै पनि गाउँ विकास समितिमा व्यवहारिक रुपमा कार्य सम्पन्न भएको भेटिएन । योजना निर्माण पश्चात योजनाको कार्यान्वयन सुरु भएपछि सँगसँगै अनुगमन तथा पृष्ठपोषण पनि अगाडि जानु पर्ने हो । कहीं कतै कुनै पनि गाउँ विकास समितिमा यस्तो अभिलेख प्राप्त भएन । सम्भवतः आफूले रोपेको तथा मलजल गरेर हुर्काएको विरुवाको फल प्राप्ति

प्रति कुनै पनि व्यक्ति जति लालायित हुन्छ र त्यसको देखभालमा संलग्न रहन्छ, स्याहार सम्भार गर्छ, सायद गाउँ शिक्षा योजनाको कार्यान्वयन पनि त्यस्तै भएको त होइन ? सबै पक्षको विचार सुनेर मन्थन गर्दा यस्तै प्रतीत हुन्छ ।

गाउँ शिक्षा योजना निर्माणको प्रक्रिया पश्चात शिक्षामा योजना पद्धतिको उपयोग कसरी गरियो ? जस्ता कुराहरुको उत्तर योजनाको कार्यान्वयन पश्चात मात्र त्यसको उपलब्धि र परिणामको आधारमा मूल्याङ्कन गर्न सकिन्छ । प्राकृतिक स्रोत साधन, जनसंख्या, आर्थिक अवस्था, शैक्षिक स्थिति, ठाउँ, सामाजिक तथा सांस्कृतिक अवस्था हेरी शैक्षिक योजना निर्माण गरी कार्यान्वयन तर्फ लाग्नु पर्नेमा विविध समस्याहरुका कारण त्यसो हुन नसकेको देखिन्छ । सहभागितामूलक योजना निर्माण, सञ्चार सम्प्रेषणको योजना, आवश्यक स्रोत साधनहरुको पहिचान, जिम्मेवारी तथा उत्तरदायित्व, उत्प्रेरणा तथा सांगठनिक संरचना आदिलाई ख्याल गर्दा विभिन्न उपसमिति गठन गरी निर्धारित उद्देश्य र उपलब्धि बिच समन्वयात्मक ढंगले कार्य गर्नु पर्नेमा कुनै पनि गाउँ विकास समितिमा त्यस्ता किसिका दस्तावेजहरु फेला पर्न सकेनन् ।

लक्ष्य निर्धारणमा किटान गरिएका विषयवस्तुहरुको स्थिति हेर्दा चिसापानी गाउँ विकास समितिमा नयाँ भवन निर्माण २ वटा, पुनः निर्माण १ वटा, मर्मत सम्भार २ वटा, शैचालय १ वटा मात्र पूरा भएको, लगभग योजनाको अन्त्यतिर आइपुग्दा करिव १५% को हाराहारीमा प्रगति देखिन्छ भने महमाई गाउँ विकास समितिको स्थिति पनि यस भन्दा फरक देखिंदैन । यसरी कार्यान्वयन पक्ष अत्यन्त कमजोर देखिन्छ । दानावारी गाउँ विकास समितिको भने थोरै फरक पाइयो । निरक्षरता उन्मूलनमा फड्को मार्न सुरु गरेको तथा विद्यालय उमेरका नानीहरुलाई विद्यालय भर्ना गर्न शतप्रतिशत भर्ना घोषणा कार्य गरेको पाइयो ।

उदाउँदो बिहानीले सम्पूर्ण दिनको झल्को दिन्छ भने झैं निर्माण अवस्थाको सुरुदेखिको प्रक्रियागत कुराहरुलाई विचार गरेर ल्याउँदा गाउँ शिक्षा योजनाको कार्यान्वयन पक्ष उपलब्धिमूलक र आशातीत रुपमा सकारात्मक हुन नसकेको देखिन्छ । गाउँ शिक्षा समितिले तयार गरेको योजनाका विभिन्न पक्षहरु जस्तै शैक्षिक भौतिक, आर्थिक पक्षहरुलाई समेत शोध अनुसन्धानमा अध्ययन गरिएको थियो ।

प्राप्त तथ्याङ्क एवं जानकारीको अध्ययन पश्चात गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा रहेका समस्याहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**सरोकारवालाहरुको सहभागिताको अभाव**

गाउँ शिक्षा योजना निर्माण तथा कार्यान्वयनका क्रममा सरोकारवालाहरुमा उत्साह देखिंदैन । सकेसम्म गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनका लागि गठित समितिमा नै नबस्न खोज्ने र बाध्यतावश बस्नुपर्ने भएमा पनि बैठक, अन्तरक्रिया, गोष्ठी जस्ता कार्यक्रमहरुमा अनुपस्थित हुने गरेको पाइन्छ । यसबाट गाउँ शिक्षा योजनाप्रति सरोकारवालाहरुको अपनत्व नभएको देखियो ।

**सरोकारवालाहरुलाई अभिमुखीकरणको अभाव**

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनका क्रममा सरोकारवालाहरुलाई कुनै अभिमुखीकरण वा तालिमको व्यवस्था भएको देखिएन । त्यसको फलस्वरुप योजना निर्माण र कार्यान्वयनमा सरोकारवालाको भूमिका प्रभावकारी हुन नसकेको पाइयो ।

**सरोकारवालाहरुमा इच्छाशक्ति, तत्परता एवं जागरुकताको कमी**

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन सम्बन्धमा आवश्यक जानकारी, तालिम र अभिमुखीकरणको अभावमा सरोकारवालाहरुमा गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन बारेमा इच्छाशक्ति, तत्परता र जागरुकता रहेको पाइएन ।

**कार्यक्रम र बजेट महत्वकांक्षी हुनु**

स्रोत साधन र क्षमताको वास्तविक अवस्थालाई ख्याल नगरी कोरा सैद्धान्तिक अवधारणामा आश्रित भई गाउँ शिक्षा योजना निर्माण गर्ने गरेकाले योजना अत्यन्त महत्वाकांक्षी बन्ने गरेको तथा उक्त महत्वाकांक्षी योजना कार्यान्वयन गर्नका लागि ठूलो बजेटको व्यवस्था हुने रेको पाइयो । तर यथार्थमा स्रोत र साधनको अभावले कार्यान्वयनको चरणमा नै योजना नपुग्ने गरेको देखियो ।

**समुदाय परिचालन तथा आवधिक समीक्षाको अभाव**

गाउँ शिक्षा योजना निर्माण सहज ढंगले भए पनि कार्यान्वयनको लागि समुदाय परिचालन गर्ने गरेको पाइएन । समुदायको सहभागिता बिनाको योजना

कार्यान्वयन सफल भएको पाइएन । त्यसरी नै योजना निर्माण र कार्यान्वयनको त्रममा आवधिक समीक्षा गरी देखा परेका कमी कमजोरी निराकरण गर्ने व्यवस्था नभएका कारण पनि गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया समस्याग्रस्त देखियो ।

**स्थानीय स्रोत साधनको पहिचान तथा परिचालन हुन नसक्नु**

गाउँ शिक्षा योजनाको निर्माणमा स्थानीय साधन स्रोतको पहिचान गर्न सकेको पाइएन । सरकारी स्रोतबाट प्राप्त हुने अनुमान गरिएको बजेटमा आश्रित भई योजना निर्माण गर्ने गरेको पाइयो । योजनाको कार्यान्वयनका ऋममा स्थानीय स्रोतको परिचालन हुन सकेको पाइएन । सरकारी स्रोतबाट प्राप्त भएको बजेटमा भर पर्नाले कार्यान्वयन अधुरो रहने गरेको पाइयो ।

**समन्वयको अभाव**

गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनका ऋममा संलग्न हुने पक्षहरु बीच आपसी तालमेल र समन्वय रहेको पाइएन । गाउँ शिक्षा समितिका पदाधिकारी र सदस्यहरु बीच समेत आपसी समन्वयको अभाव देखियो । गाउँ शिक्षा योजनाको निर्माणकर्ता र कार्यान्वयन कर्ता अर्थात विद्यालय तहको बीचमा समन्वयको अभाव रहेको तथा गाउँ शिक्षा समिति र जिल्ला शिक्षा कार्यालय बचि समन्वय नभएकाले गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा समस्या देखियो ।

**अपेक्षित अनुदान प्राप्त हुन नसक्नु**

नेपाल सरकारबाट प्राप्त हुने अनुदानमा आश्रित भई गाउँ शिक्षा योजना निर्माण गर्ने गरिएको तर सरकारी अनुदान सोचे जति नआउने र आएको अनुदान पनि समयमा आइनपुग्ने भएका कारण निर्माण गरिएका गाउँ शिक्षा योजनाको पनि कार्यान्वयन असहज भएको देखियो ।

**निर्वाचित जनप्रतिनिधिको अभाव**

लामो समयदेखि मुलुकमा निर्वाचित जनप्रतिनिधिको अभाव रहेको कारणबाट पनि गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन प्रभावित भएको पाइयो । गाउँ विकास समितिका अध्यक्षको रुपमा कर्मचारी अर्थात गाउँ विकास समितिका सचिवले कार्य गरिरहेको हुँदा समुदायका सदस्यहरुले निजलाई गाउँ विकास समितिको अध्यक्षको रुपमा भन्दा कर्मचारीका रुपमा हेर्ने गरेकाले समुदायको परिचालन हुन

नसकेको तथा यसबाट गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयन कमजोर रहेको पाइयो ।

**गाउँ शिक्षा समिति गठन हुन नसक्नु**

समुदाय र सरोकारवालाहरुको उदासीनता एवं सम्बद्ध निकायहरु बीच आपसी तालमेलको अभावका कारण गाउँ शिक्षा समितिको गठन नै कठिन हुने गरेको पाइयो । गठन भइहाले पनि गाउँ शिक्षा समितिले क्रियाशीलता प्रदर्शन गर्न नसकेको पाइयो ।

**निर्मित योजना लागू गर्ने काममा माथिल्लो निकाय मौन हुनु**

गाउँ शिक्षा योजना निर्माणका लागि माथिल्लो निकाय अर्थात जिल्ला शक्षा कार्यालयले स्रोतव्यक्तिः मार्फ सहजीकरण गरे पनि कार्यान्वयनको सवालमा कुनै पहल नगर्ने भएकाले पनि गाउँ शिक्षा योजना निर्माणको तहमा मात्र सम्पन्न हुने गरेको पाइयो ।

**सरोकारवालाहरुको भावना अनुकुल योजना तयार हुन नसक्नु**

गाउँ शिक्षा योजना निर्माणको प्रक्रियामा सरोकारवालाहरुलाई यन्त्रवत संलग्न गराइने परिपाटीले गर्दा योजना निर्माणको चरणमा नै समस्यामा पर्ने गरेको पाइयो । सम्बन्धित षेत्रको भूधरातलीय आवश्यकता भन्दा सरकारको शैक्षिक लक्ष्य वा उद्देश्य परिपूर्ति गर्ने योजना निर्माण गर्न सरोकारवालाहरुलाई बाध्य पारिने गरेकाले आफ्नो भावनाको प्रतिनिधित्व नगर्ने योजनाको कार्यान्वयनमा सरोकारवालाहरु उदासीन रहने गरेको पाइयो ।

**शैक्षिक गुणस्तर सुधारका भरपर्दा कार्यक्रमहरु नसमेटिनु**

गाउँ शिक्षा योजनाका विविध कृयाकलापहरुमा शैक्षिक गुणस्तर उन्नयनका ठोस कृयाकलापहरु समेटिन सकेको पाइएन । यसले योजनाको प्रभावकारितामा ह्रास आई कायाृन्वयन पक्ष फितलो भएको पाइयो ।

**स्रोतव्यक्तिको आवश्यकताभन्दा बढी क्रियाशीलता**

गाउँ शिक्षायोजनाको निर्माण र कार्यान्वयनका क्रममा स्रोतव्यक्तिको भूमिका सहजकर्ताभन्दा बढी सरोकारवाला पक्षको देखियो । सरोकारवालाहरुलाई योजना

निर्माणमा सहयोग उपलब्ध गराउनु पर्नेमा स्रोतव्यक्ति आफैंले योजना निर्माण गर्ने गरेको देखियो । यसले सरोकारवालाहरुमा गाउँ शिक्षा योजना स्रोतव्यक्तिको दायित्व हो भन्ने भ्रम पैदा भएकाले पनि गाउन शिक्षा योजना निर्माण र कायान्वयनलाई नकारात्मक प्रभाव पारेको पाइयो ।

एफ.डब्ल्यू टेलरका अनुसार योजना निर्माण र कार्यान्वयन तहमा देखिएका समस्याहरु व्यक्ति विशेषको पहलमा मात्र समाधान असम्भव छ । मानवीय सम्बन्धको सिद्धान्त अनुसार संस्थामा कार्यरत कर्मचारीहरु बीच सुमधुर सम्बन्ध कायम गर्दै सामूहिक प्रयत्न गरे समस्याको तार्किक समाधान निकाल्न सकिन्छ । उनी अझ अगाडि भन्दछन् वैज्ञानिक व्यवस्थापन, मूल्याङ्कन र प्रयत्नबाट सहज र सरल समाधान निकाल्न सकिन्छ । तर निचोडमा यसो नभएका कारण योजना निर्माण र कार्यान्वयनमा यति धेरै समस्याहरु देखा परेको ठहरछ ।

## ४.४ समस्या समाधानका उपायहरु

५ वर्षे आवधिक गाउँ शिक्षा योजना प्रत्येक गाउँ विकास समितिले निरक्षरता उन्मूलनको परिकल्पना बोकेर निर्माण गरेका भए तापनि ५ वर्षको अवधि पूरा भई सक्दा पनि लक्ष्य पूरा हुन नसक्नु, साझेदारीलाई आत्मसात गरी विद्यालयलाई सुविधा सम्पन्न बनाउने तथा प्रत्येक विद्यालयमा पूर्व प्राथमिक कक्षालाई व्यवस्थित बनाउने, त्यसै गरी स्थानीय पाठ्यक्रम निर्माण गरी पठन पाठनमा लागू गर्ने, बालमैत्री र गुणात्मक शिक्षा जिउँको तिउँ रहेको पाइन्छ । राष्ट्रिय स्तरबाट अथवा उपल्लो निकायबाट उपलब्ध सेवा सुविधाबाट जे जति सुधार आउन सक्यो त्यसैमा सन्तुष्टि जाहेर गरेको अवस्था छ । यसरी योजना निर्माणको क्रममा कार्य योजना निर्माण गरी कार्यक्रम तथा रणनीति चयन गरिएको भए तापनि कार्यान्वयन पक्षमा सफलता हात नलागेको यस अवस्थामा निर्माणका चरणहरुबाटै समस्या समाधानमा अघि बढेमा कार्यान्वयन पक्ष पनि मजवुत हुन सक्ने अपेक्षा गर्न सकिन्छ । अध्ययनको क्रममा उत्तरदाताहरुबाट प्राप्त समस्या सम्बन्धी जानकारी एवं सूचनाहरुको आधारमा समस्या समाधानार्थ निम्न उपायहरु अवलम्बन गर्न सकिन्छ :

### ४.४.१ योजना निर्माण अगावै अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नु पर्ने

सम्पूर्ण सरोकारवाला उपभोक्ता समूहका सदस्यहरुलाई योजना निर्माण सुरु गर्नुभन्दा पहिले नै योजनाको बारेमा विस्तृत जानकारी दिंदै उपादेयता आदिका बारेमा समेत बोध गराई उनीहरुमा योजनाप्रति अपनत्वको भावना पैदा गराउने किसिमले अभिमुखीकरण तालिम सञ्चालन गर्नु पर्दछ ।

### ४.४.२ प्रचारप्रसार र छलफलमा व्यापकता

योजना निर्माणको क्रममा व्यापक प्रचारप्रसार र छलफल अगाडि बढाउनु पर्दछ । सरोकारवाला व्यक्तिहरु कोही पनि नछुटुन् । यसले गर्दा टेलरको वैज्ञानिक व्यवस्थापनले भने झैं सहज र सरल समाधान मूल्याङ्कन र प्रयत्नका कार्यबाट सरल र सहज हुन्छ । व्यापक प्रचारप्रसार र छलफलले अन्तर छिन्तर र कुना कन्दरा सबै सुसूचित भएर योजनामा सहभागिता जनाउने अवसर प्राप्त गर्दछन् । यसले गर्दा अपनत्वको बोध हुन गई माया ममता बढ्न जान्छ । फलतः कार्यान्वयनमा सफलता प्राप्त हुन्छ ।

### ४.४.३ समिति तथा उपसमितिको व्यवस्था

योजना निर्माणको सुरु देखि नै आवश्यकता अनुसार योजना निर्माण समिति, उपसमिति चयन हुनु पर्ने, त्यसै गरी कार्यान्वयन तहमा प्रवेश गरिसके पछि पनि अनुगमन, मूल्याङ्कन र पुनरावलोकन समिति चयन भएमा सुरुदेखिकै कमी कमजोरीमा सुधार गर्दै पृष्ठपोषण सहित अघि बढ्न सहज हुने हुँदा योजना निर्माण तथा कार्यान्वयनमा भएका सम्पूर्ण बाधा व्यवधानका गाँठा फुकी योजनाको सफल कार्यान्वयन अवश्यम्भावी छ । समिति, उपसमितिको चयनले कार्य विभाजन समेत सरलीकृत भई सफल कार्यान्वयनका लागि सहजीकरण हुन सक्दछ ।

### ४.४.४ तालिमको प्रवन्ध

आवश्यकता अनुसार समितिभित्र वा बाहिरका व्यक्तिहरुलाई तालिमको यथोचित प्रवन्ध हुन सकेमा प्रविधिक पक्ष मजवुत हुन गई निर्धारित समयमा कार्य सम्पन्न भई योजनाले सफलता प्राप्त गर्न सक्दछ ।

### ४.४.५ समन्वय र सहकार्यमा जोड दिनु पर्ने

गाउँ शिक्षा समितिले समग्र गाउँ विकास समितिको शैक्षिक क्षेत्रको उन्नयनको लागि तयार गरेको दस्तावेजको प्रभावकारी कार्यान्वयन गरी अपेक्षित उपलब्धि हात लागि गर्न समितिले अभिभावक, सरोकारवाला, माथिल्लो निकाय तथा सहसम्बन्ध भएका अन्य गैह्र सरकारी संघसंस्था, नागरिक समाज, बुद्धिजीवी, समाजसेवी, शिक्षाप्रेमी, सबै पक्षसँग समन्वय र सहकार्यमा जोड दिई अघि बढ्नु आजको आवश्यकता देखिन्छ ।

### ४.४.६ स्थानीय स्रोत साधनको पहिचान र परिचालन

पहिचान र परिचालनको अभावमा खेर गइरहेको स्थानीय स्रोत साधनहरुलाई योजनाको निर्माणको चरणदेखि नै परिचालन गर्न सकेको अवस्थामा योजनाको सफल कार्यान्वयन अवश्यम्भावी छ ।

### ४.४.७ कार्ययोजनाको व्यवहारिक कार्यान्वयन हुनु पर्ने

निर्मित कार्य योजनामा भनिए मुताविक अनुगमन मूल्याङ्कन हुनु पर्ने देखिन्छ । यसो भएमा मूल्याङ्कन पश्चात प्राप्त प्रतिवेदनको कार्यान्वयनले योजना निर्माणको चरणकै क्रमदेखि योजनालाई सफलतातर्फ उन्मुख गराउन मद्दत पुग्दछ ।

### ४.४.८ पारितोसिकको प्रवन्ध हुनु पर्ने

समुदाय परिचालनलाई बढी फलदायी बनाई योजनाको सफल कार्यान्वयनका लागि सरोकारवालाहरुलाई उत्प्रेरित गराउन आवश्यक छ । त्यसैले आवश्यकता अनुसार राम्रो/उत्कृष्टताको प्रशंसा गर्दै आवश्यकता अनुसार पारितोसिकको व्यवस्था गर्न सकेमा यसले योजना निर्माण तथा कार्यान्वयनलाई सही दिशातर्फ मार्ग निर्देशित गरी सफलताको शिखर चुम्न मद्दत गर्दछ ।

### ४.४.९ निरन्तर मूल्याङ्कन हुनु पर्ने

निरन्तर मूल्याङ्कन एउटा त्यस्तो प्रक्रिया हो जसले तत्कालै त्रुटिको पहिचान गरी पृष्ठपोषणलाई अभिप्रेरित गर्दछ । यसले गर्दा वर्तमानको कमी कमजोरी र त्रुटिहरुको निराकरण गदै सफल भविष्यतर्फ उन्मुख हुन मद्दत पुग्दछ । त्यसैले गाउँ शिक्षा योजनाको निर्माण प्रक्रियादेखि कार्यान्वयनको अन्तिम चरणसम्म नै निरन्तर

मूल्याङ्कन प्रक्रिया अघि बढाई आवधिक रुपमा समेत योजनाको समीक्षा गर्दै अघि बढेमा आशा गरे अनुरुप फल प्राप्त गर्न सम्भव छ ।

### ४.४.१० यथार्थताको धरातल बिर्सन नहुने

बढि महत्वकांक्षी बनेर ठूला योजनाहरुको चिन्तन मनन गर्नुभन्दा यर्थाथताको धरातलमा उभिएर क्षमता अनुरुप चल्न बिर्सन हुँदैन । “घाँटी हेरी हाड निल्ने” उक्तिलाई आत्मसात गर्दै निर्माण प्रक्रियाकै चरणदेखि अघि बढेमा यसले पनि सफलता प्राप्तिमा मद्दत पुग्दछ । यर्थाथताको धरातललाई बिर्सेर बढी महत्वाकांक्षी भई माथिल्लो निकाय र दातृसंस्थाको मुख ताक्ने बानीले सधैं आफूलाई कमजोर बनाई राख्दछ । केही पाउन केही गुमाउनु पर्छ भने झैं “बरु पेट कट्टी गरेर पनि” योजनको सफल कार्यान्वयनमा टेवा दिने कोशिस पनि हुनु पर्दछ ।

### ४.४.११ आवश्यकता अनुसार माथिल्लो निकायको सहयोग लिने

पर निर्भर भएर योजना निर्माण नै नगर्ने तर त्यसो भन्दैमा आवश्यकता परेमा माथिल्लो निकायको सहयोग लिन भुल्नु हुँदैन । आर्थिक सहयोगको अलावा प्राविधिक तथा मानवीय संसाधन सम्बन्धी सहयोग तथा अनुगमन पृष्ठपोषणका लागि अनुरोध गर्ने सो अनुसार प्राप्ति हुन सकेमा यसले पनि योजना सफल बनाउन मद्दत गर्दछ ।

### ४.४.१२ प्राथमिकताक्रम निर्धारण गर्ने

प्राथमिकता क्रमको सूची तयार भएर लक्ष्य निर्धारण भई सकेको अवस्थामा आवश्यकता अनुसार गाउँ विकास समिति वा गाउँ शिक्षा समितिले सम्बन्धित क्षेत्र, तह र निकायमा पहल गर्ने प्रबन्ध समेत गरेमा अझ ती सरोकारवाला संस्थाहरुसँग सुरुकै अवस्थामा सहकार्यका लागि पहल बढाउन सकेमा योजनाको सफलता सुनिश्चित हुने देखिन्छ । माथि उल्लेख गरिएका उपायहरुको कार्यान्वयन हुन सकेमा विद्यमान अवस्थामा गाउँ शिक्षा योजना जसरी गुज्रिरहेको छ त्यसबाट माथि उठी सफलता प्राप्त गर्न सक्छ । प्रो. जर्ज इल्टन मायोको मानवीय सम्बन्ध सिद्धान्त अनुसार संस्थामा कार्यरत कर्मचारीहरु बीच सुमधुर सम्बन्ध कायम गर्दै सामूहिक प्रयत्न गरे समस्याहरुको तार्किक समाधान निकाल्न सकिन्छ भन्ने कुरालाई टेलरको

वैज्ञानिक व्यवस्थापनको सिद्धान्त सँगसगै लिएर अघि बढाउनु उपयुक्त समाधान हुने कुरा पनि बिर्सन हुँदैन ।

## ४.५ प्राप्ति

शक्ति विकेन्द्रीकरणको सिद्धान्त अनुरुप सरोकारवालाहरुका लागि आवश्यक पर्ने सम्पूर्ण कुराहरुको परिपूर्तिका लागि सरोकारवालाहरुको आफ्नै संलग्नतामा आफ्ना योजना तथा कार्यक्रमहरु तयार गरी तिनीहरुको व्यवस्थापन, सञ्चालन तथा प्रभावकारी कार्यान्वयनका लागि अघि बढ्न अभिप्रेरित गर्न गाउँ शिक्षा योजना तर्जुमा गरी लागू गरिएको भए तापनि व्यवहारिकभन्दा नीतिगत रुपमा मात्र लागू भएको पाइयो । किन भने योजना निर्माण गर्दा गाउँ शिक्षा समिति नाम मात्रको भएको तथा औपचारिकता मात्र पूरा गर्ने भएकोले सम्पूर्ण सरोकारवालाहरुको सहभागिता जुट्न नसकेको अवस्था भएको कारणबाट अभिभावक तथा सरोकारवाला उपभोक्तहरुमा योजनाप्रति अपनत्वको भाव नभएको भेटियो । गाउँ शिक्षा योजनामा कार्ययोजना तयार गरिएको छ, कार्यक्रम तथा रणनीति चयन गरिएको छ तर गुणस्तर सुधार तथा उपलब्धिमूलक हुने किसिमका कार्यक्रमहरुको छनोट गरिएको छैन । वि.सं.२०६६ मा निर्मित चिसापानी गाउँ विकास समितिको गाउँ शिक्षा योजनालाई पल्टाएर हेर्दा ५ वर्षे आवधिक योजना अत्यन्तै महत्वाकांक्षी देखिन्छ । २०६८ मा महमाई तथा दानावारीमा निर्मित गाउँ शिक्षा योजना पनि यस दृष्टिमा चिसापानीभन्दा भिन्न देखिंदैन । भौतिक, शैक्षिक तथा मानवीय संसाधनको व्यवस्थापकीय पक्ष सबैको अवस्था उस्तै छ । निर्माणको अवस्थालई ख्याल गर्दा निकै कहालिलाग्दो छ । संक्षेपमा भन्नु पर्दा सम्बन्धित सरोकारवाला उपभोक्ताहरुलाई जानकारी नै नदिई उनीहरुका वेवुझ उनीहरुलाई सुसूचित हुने अधिकारबाट समेत वञ्चित गरी योजना निर्माण गरिएको अवस्था छ । नत लक्ष्य नै पूरा भएको वा पूरा हुन सक्ने अवस्थामा छ ।

यसरी गाउँ शिक्षा योजना निर्माणको अवस्था पत्ता लगाउन गरिएको शोध अध्ययनमा निर्माण अवस्था अत्यन्तै उराठलाग्दो पाइयो । निर्माणको अवस्थाभित्र मौजुदा निर्माण प्रक्रिया तथा सरोकालाहरुको सक्रियताले योजनाको कार्यान्वयनमा जुन किसिमको पोषणत्व र उर्जा प्राप्त हुनु पर्दथ्यो त्यो विलकुलै नभएको पाइयो ।

यसै गरी निर्माण र कार्यान्वयनमा देखा परेका समस्याहरुको पहिचान गर्ने सिलसिलामा शोध अनुसन्धानमा प्राप्त तथ्य तथ्याङ्कका आधारमा विश्लेषण गर्दा सरोकारवालाहरुको सहभागिताको अभाव, सरोकारवालाहरुलाई अभिमुखीकरणको अभाव, सरोकारवालाहरुमा इच्छाशक्ति, तत्परता एवं जागरुकताको कमी, कार्यक्रम र बजेट महत्वकांक्षी  हुनु, समुदाय परिचालन तथा आवधिक समीक्षाको अभाव, स्थानीय स्रोत साधनको पहिचान तथा परिचालन हुन नसक्नु, समन्वयको अभाव, अपेक्षित अनुदान प्राप्त हुन नसक्नु, निर्वाचित जनप्रतिनिधिको अभाव, गाउँ शिक्षा समिति गठन हुन नसक्नु, निर्मित योजना लागू गर्ने काममा माथिल्लो निकाय मौन हुनु, सरोकारवालाहरुको भावना अनुकुल योजना तयार हुन नसक्नु, शैक्षिक गुणस्तर सुधारका भरपर्दा कार्यक्रमहरु नसमेटिनु, स्रोतव्यक्तिको आवश्यकताभन्दा बढी क्रियाशीलता जस्ता समस्याहरु रहेको पाइएको छ ।

सरोकारवालाहरुलाई सुसूचित गरी अभिमुखीकरण नगर्नु, आवश्यकता अनुरुप जनसरोकारका सवालहरुमा आपसी छलफल, अन्तरक्रिया र भेटघाटलाई निरन्तरता दिई पृष्ठपोषण आदन प्रदान हुन नसक्नु, निरन्तर मूल्याङ्कन तथा समीक्षाको अभाव अनि स्थानीय स्रोत साधनको पहिचान र परिचालनलाई पूरै वेवास्ता गरेको पाइयो । सरोकारवालाहरुको सक्रिय संलग्नताको अभावमा उनीहरुको भावना अनुकुल योजना तयार हुन नसकेकाले शैक्षिक गुणस्तर सुधारका कार्यक्रमहरु ओझेलमा पर्न गएका तथा योजनाका प्रत्येक पक्षसँग नङ र मासुको झैं सम्बन्ध बोकेको समुदाय परिचालन हुन नसकेको अवस्था भेटियो । यस्तै जननिर्वाचित जनउत्तरदायी नेतृत्वको अभावमा सबै पक्ष कमजोर हुँदा हुँदै पनि खुशीको कुरा चाहिँ कम्तीमा गाउँ शिक्षा योजना निर्माण भई गाउँ विकास समितिको दराजमा समेत थन्किन पुगेको पाइयो ।

समग्रमा नमुना छनोटमा लिइएका ३ वटै गाउँ विकास समितिहरुको स्थितिलाई नियालेर उपलब्ध तथ्यहरुको विश्लेषणमा गाउँ शिक्षा योजना निर्माणकै चरणदेखि कार्यान्वयन सम्मकै चरणमा देखा परेका समस्याहरुका जड पहिचान गर्दा सम्पूर्ण समस्याहरुको पहिचान जनताको सुसूचित हुने संवैधानिक हकको प्रत्याभूति भएको कुरा सरोकारवाला स्वयंले महशुस गर्न पर्दछ । त्यसपछि आवश्यक अभिमुखीकरण सहित उनीहरुको सक्रिय सहभागितामा योजनाको निर्माण कार्यान्वयन

अघि बढ्न गएमा योजनाले अपेक्षा गरेका सम्पूर्ण कुराहरु फलीभूत हुन सक्ने अवस्था छ । तर वर्तमानमा मुख्य सरोकारवालाहरुकै सहभागिता नरहेकै अवस्था भएकोले समस्या समाधानका लागि प्रस्थान विन्दुबाटै प्रवेश गर्नुको विकल्प नरहेको अवस्था छ ।

सम्बन्धित साहित्यको पुनरावलोकनबाट प्राप्त धेरै कुराहरु (सिंह २०६५, थापा २०६२, काफ्ले २०६०) यस शोधका उपलब्ध प्राप्तिहरु मिल्दोजुल्दो रहेको पाइयो । सहभागितामूलक ढंगले योजना निर्माण हुन नसक्नु, समस्याको सही पहिचान हुन नसक्नु योजना निर्माण अवस्थाका मिल्दाजुल्दा उदाहरण हुन् भने कार्यान्वयन पक्षमा, कामको बाँडफाँड तथा बजेटको व्यवस्था, जिम्मेवरी तोक्न नसक्नु, योजनाको आवधिक समीक्षा र निरन्तर मूल्याङ्कनको अभाव योजना कार्यान्वयनमा भेटिएका समस्या हुन् ।

डेमिङको गुणस्तर व्यवस्थानप सिद्धान्त अनुसार मुनाफाभन्दा गुणस्तरमा ध्यान दिने, त्रुटिपूर्ण प्रविधिलाई समयमै सुधार गर्ने तथा निश्चित काम गर्ने प्रणाली अनुरुप कार्य सम्पन्न हुन नसकी अपेक्षित उपलब्धि हातलागि हुन नसकेको अवस्था छ । अर्कोतर्फ एफ.डब्ल्यू. टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त अनुसार कामदारलाई मेसिनको रुपमा नहेरी सौहार्दतापूर्वक तालिमको सुप्रवन्ध मिलाई कामको जिम्मा दिइएमा कार्यप्रति प्रेरित हुने कुरालाई पनि उपेक्षा गरेको पाइयो । एफ. डब्ल्यू टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त तथा डोमिङको गुणस्तर व्यवस्थापन सिद्धान्त अनुरुप योजना निर्माणको चरणदेखि कार्यान्वयन अवस्थासम्म पुग्न सकेको भए गाउँ शिक्षा योजनाले परिकल्पना गरेका सम्पूर्ण कुराहरु उपलब्धिको रुपमा प्राप्त हुन सक्ने कुरा शोध अध्ययनको क्रममा प्राप्त भयो ।

नमुना छनोटमा लिइएका गाउँ विकास समितिमा कामदारको छनोट प्रक्रिया वैज्ञानिक ढंगले हुन नसकेको तथा डोमिङका अनुसार गुणस्तर सुधारमा निरन्तर मूल्याङ्कन नभएको, तालिम, नेतृत्व सिप तथा उत्प्रेरणा प्रदान गरी हर समय कार्य प्रगतितर्फ उन्मुख गराउन पनि नसकेको अवस्था रहेको पाइयो ।

गाउँ शिक्षा योजना निर्माण अघि र गाउँ शिक्षा योजनाको निर्माण पश्चात सम्बन्धित गाउँ विकास समितिभित्र रहेका सामुदायिक विद्यालयहरुको अवस्थामा खासै

तात्विक अन्तर पाइएन । यसो हुनका पछाडि गाउँ शिक्षा योजना निर्माणको क्रम नै त्रुटिपूर्ण रहेको महशुस गरियो । सम्बन्धित सरोकारवालाहरु माफ प्रचारप्रसार, छलफल, अन्तरक्रिया, अभिमुखीकरण आदिको अभावका कारण योजना निर्माणमा सरोकारवालहरुले अपनत्व बोध गर्न नसकेका कारण तथा विद्यालयहरुलाई पनि गाउँ शिक्षा योजनाका कार्यक्रममा आफूलाई कसरी समाहित गरेर लैजाने भन्ने सम्बन्धमा पर्याप्त जानकारी नभएको शुरुको अवस्था भएको तथा आफ्ना स्रोत साधनको पहिचान र परिचालनमा ठम्याइ नपुगेको, अनि महत्वकांक्षी योजना भएका कारण योजना निर्माण अघि र पछि विद्यालयको अवस्थामा तात्विक अन्तर भेटिएन ।

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनका सबल र दुर्बल पक्षहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**गाउँ शिक्षा योजनाका सवल पक्षहरु**

१. हरेक गाउँ विकास समितिको ऐतिहासिक शैक्षिक दस्तावेज खडा भएको छ ।
२. बटम अप उपागमको अवधारणाको शुरुवात भएको छ ।
३. हरेक गाउँ विकास समितिको शैक्षिक अवस्थाको पहिचान तथा विश्लेषणको शुरुवात भएको छ ।
४. स्रोतका सम्भावनाहरुको खोजीको थालनी भएको छ ।
५. संस्थागत क्षमता अभिवृद्धिमा टेवा पुग्न जाने देखिन्छ ।
६. सामुदायिक परिचालन र जागरणको थालनी भएको छ ।
७. सही सूचना स्थानीय तहमै उपलब्ध हुन्छ भनी संकलनको थालनी भएको छ ।
८. समन्वयात्मक कार्यप्रणालीको विकासको शुरुवात भएको छ ।

**गाउँ शिक्षा योजनाका कमजोर पक्षहरु**

१. सरोकारवालाहरुमा अझै पनि अवधारणात्मक अष्पष्टता छ ।
२. समुदाय सहभागिता र सक्रियता जुट्न नसक्नु ।
३. स्थानीय स्रोत साधन पहिचान, संकलन र परिचालन हुन नसक्नु ।
४. योजना औपचारिकतामा मात्र सीमित हुनु ।
५. योजना खास गरी आधारभूत तहमा मात्र केन्द्रित रहनु ।
६. सरोकारवालाहरुमा सिपको कमी हुनु ।

७. योजना बढी महत्वाकांक्षी हुनु अर्थात वस्तुनिष्ठ नहुनु ।

यसरी गाउँ शिक्षा योजनाका ठेलीहरुलाई हेरी विविध पक्षमा केलाईकुलाई मन्थन गर्दा टीठलाग्दै रहेको भन्न करै लाग्छ । यसो भनिरहनु निर्माण र कार्यान्वयनको अवस्था हेर्दा वाध्यता पनि हो । वास्तवमा गाउँ शिक्षा योजनाले त्यस क्षेत्रमा पूरै सामाजिक गतिशीलता दिन सक्नु पर्ने हो, त्यो भेटिएन । समग्रतामा भन्नुपर्दा हामीहरु नीति, योजना तथा कार्यक्रमको खाका तयार गर्नमा शायद अरु कोहीभन्दा कम छैनौं । तर नीति, नियम, योजना र कार्यक्रमलाई कार्यमा रुपान्तरण गरी त्यसबाट लक्षित प्रतिफल हासिल गर्नमा भने निःसन्देह धेरै पुछारमा छौं । गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनको शोधबाट मुख्य प्राप्ति यही नै हो ।

# परिच्छेद पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

तथ्याङ्कको व्याख्या विश्लेषण गरी प्राप्त नतिजालाई निष्कर्षका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

जनचेतनाको अभावको कारण सुसूचित हुनु पर्ने कुराहरुप्रति सचेत नभएका सरोकारवालाहरुलाई यस सम्बन्धमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेर सहभागी गराउन पर्नेमा त्यसो हुन नसकेको तथा सम्बन्धित गाउँ विकास समिति, गाउँ शिक्षा समिति, सरोकारवालाहरुमा इच्छाशक्ति तत्परता एवं जागरुकताको अभावका कारण निर्मित योजना निष्प्रभावी बन्न पुगेको अवस्था छ । निर्मित योजनामा कार्यक्रम तथा बजेट निर्धारण उपयुक्त हुननसकेको, समुदाय परिचालन हुन नसकेको तथा सरोकारवालाहरुलाई कार्यक्रमको बारेमा बोध हुन नसकी समीक्षाको अभावमा पृष्ठपोषण लिई अघि बढ्न नसकेको स्थिति छ ।

स्थानीय निकायमा जनप्रतिनिधि नभएकाले उपयुक्त नेतृत्वको अभावमा समन्वयात्मक ढंगले कार्य सम्पादन गर्न निकै गाह्रो महशुस भएको भेटियो । निर्मित योजना अनुगमन र पृष्ठपोषणको अभाव देखिएको छ ।

## ५.२ सुझाव

गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन सम्वन्धी गरिएको अध्ययनको आधारमा निकालिएको प्राप्ति अनुसार भविष्यमा नीतिगत तहमा लिनुपर्ने निर्णयहरु, अभ्यास तहमा गर्नु पर्ने कार्यहरु र अनुसन्धान तहमा थप ज्ञान हासिल गर्न सम्पन्न गुर्न पर्ने कामहरु निम्न अनुसार चर्चा गरिएको छ :

### ५.२.१ नीतिगत तह

गाउँ शिक्षा योजना निर्माणका लागि आवश्यक पर्ने ज्ञान, सिप र दक्षता विकास गर्नका लागि जिल्ला शिक्षा कार्यालय र जिल्ला विकास समिति समेतको समन्वयमा योजनामा दक्षता हासिल गरेका व्यक्तिहरुलाई विशेषज्ञको रुपमा छनोट

गरी योजना निर्माण कार्यमा परिचालन गर्ने जिल्ला शिक्षा कार्यालयले नीतिगत व्यवस्था गर्नु पर्ने देखिन्छ । योजनाको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन र मूल्याङ्कन निरन्तर रुपमा गरी सुझाव तथा पृष्ठपोषणको आदान प्रदान गर्ने साथै योजना अद्यावधिक गर्ने परिपाटीको विकास गर्न जिल्ला शिक्षा कार्यालय तथा जिल्ला विकास समितिले नीति निर्माण गर्नु पर्ने देखिन्छ । यसै गरी गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनबाट गाउँ विकास समितिहरुले शैक्षिक क्षेत्रमा हासिल गरेका उपलब्धि तथा त्यसको प्रभावबाट विद्यालय शिक्षामा देखिएको सकारात्मक असरको पहिचान गरी लेखाजोखा गरेर जिल्ला शिक्षा समिति र जिल्ला विकास समितिले अभिलेख राख्ने व्यवस्था हुनु पर्दछ । यस सँगसँगै उत्कृष्टताको आधारमा जिल्ला विकास समिति तथा जिल्ला शिक्षा कायालयबाट पारितोसिकको व्यस्था समेत हुनु पर्दछ । गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनको प्रभावकारिताको लागि नीति निर्माण तहले ध्यान पुऱ्याउनु पर्ने कुराहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

### योजना निर्माण पूर्व

गाउँ विकास समितिभित्र रहेका सम्पूर्ण विद्यालयहरुलाई विद्यालय आधार रेखा सहित विद्यालय सुधार योजना निर्माण गर्न लगाई १ प्रति गाउँ शिक्षा समितिमा पेश गर्न गाउँ विकास समितिले सूचित गर्नु पर्दछ । प्रचार प्रसार व्यापक रुपमा गर्ने र सम्पूर्ण सरोकारवालाहरुलाई योजना निर्माणको क्रममा सहभागी बन्न गाउँ विकास समितिले निर्देशन गर्नु पर्दछ । सरोकारवालाहरुको भेला बोलाउने र सोका लागि गाउँ शिक्षा समितिले व्यापक उपस्थितिको लागि तयारी गर्नु पर्दछ ।

### योजना निर्माणको क्रममा

सरोकारवालाहरुको भेला गरी योजना निर्माण पूर्वको स्थितिको जानकारी छलफल र अन्तरक्रिया (विद्यालय निरीक्षक, स्रोतव्यक्ति र जिल्ला शिक्षा कार्यालयको प्रतिनिधि समेतको उपस्थितिमा) गर्नु पर्दछ । प्रक्रियागत रुपमा सरोकारवालाहरुको राय संकलन, छलफल र साझा धारणा निर्माण गरी योजना निर्माण समिति गठन तथा जिम्मेवारी बाँडफाँड गर्नु पर्दछ र प्रक्रियागत रुपमा योजना निर्माण कार्य आरम्भ गर्नु पर्दछ । योजनाका प्रत्येक विषयवस्तुमा व्यापक र खुला छलफल तथा

पृष्ठपोषणका साथ मस्यौदा तयार पारी योजनालाई विधिवत रुपमा अन्तिम रुप प्रदान गर्नु पर्दछ । योजनाको अनुगमन संयन्त्र निर्माण गर्नु पर्दछ ।

**योजना निर्माण पश्चात**

योजनाको प्रामाणीकरण गाउँ शिक्षा समितिबाट गराई छपाइ, प्रबोधीकरण तथा सम्बन्धित निकायहरुमा सम्प्रेषण गर्नु पर्दछ र योजनाको कार्यान्वयन सँगसँगै अनुगमन गर्नु पर्दछ । कार्यान्वयन स्थितिको नियमित अनुगमन तथा सामयिक प्रतिवेदन उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गरी उपलब्धि र समस्याहरुको अभिलेख राख्ने र समीक्षा गर्ने प्रबन्ध मिलाउनु पर्दछ ।

परिमार्जन गर्न आवश्यक देखिएका पक्षमा तथ्यगत आधारमा कार्यक्रम परिमार्जन गरी परिमार्जित कार्यक्रमलाई पनि पुनः अनुगमन संयन्त्रबाट लगातार रुपमा अनुगमन चक्र जारी राखी प्राप्त परिणामका आधारमा पृष्ठपोषण साथ आशातीत फल प्राप्ति नभएसम्म निरन्तरता दिइरहन पर्दछ ।

**५.२.२ अभ्यास तह**

गाउँ शिक्षा योजनाको सन्दर्भमा व्यापक प्रचार प्रसार गरी निर्माण तथा कार्यान्वयनमा सम्पूर्ण सरोकारवाला उपभोक्ता समूह, अभिभावक, शिक्षक, बुद्धिजीवी, समाज सेवी शिक्षाप्रेमी समाजका लब्ध प्रतिष्ठित व्यक्ति तथा विभिन्न समिति, उपसमितिका पदाधिकारी र विद्यार्थी प्रतिनिधि समेतको उपस्थितिमा व्यापक छलफल वहस र अन्तरक्रिया सञ्चालन गरी आवश्यकता अनुसार अभिमुखीकरण कार्यक्रम समेत सम्पन्न गरेर अघि बढ्नु पर्दछ जसले गर्दा सम्पूर्ण सरोकारवालाहरुमा अपनत्वको भावना जागृत होस् र योजनाका हरेक पक्षमा स्वामित्व रहेको अनुभूति गर्न पाउन् । निर्माण गरिएको योजनालाई दराजमा मात्र सीमित नगरी गाउँ विकास समिति भित्रका सम्पूर्ण सरोकारवाला निकायहरुलाई समेत जानकारी गराउनु पर्दछ । योजना कार्यको जिम्मेवारी पाएका सीमित व्यक्तिहरुले आवश्यकता अनुरुप आफ्नो जिम्मेवारी बहन गर्नु पर्दछ । योजनाको सफलता हासिल गर्नमा महत्वपूर्ण भूमिका खेल्ने अनुगमन र मूल्याङ्कन संयन्त्रलाई सशक्त बनाउनु पर्दछ । आवश्यकता अनुसार संयन्त्रलाई मजवुत बनाउन तालिमको प्रवन्ध समेत गर्नु पर्ने देखिन्छ । यर्थाथताको धरातलमा उभिएर योजनाको वास्तविक स्थितिका बारेमा सरोकारवालाहरुलाई

जानकारीका लागि योजनाको समीक्षा गरी सोका आधारमा अद्यावधिक गर्ने संस्कार र परम्परा विकसित गर्नु पर्ने देखिन्छ ।

### ५.२.३ अनुसन्धान तह

गाउँ शिक्षा योजना निर्माण हुनु, यसले औपचारिकता मात्र पूरा गर्नु, सरोकारवालाहरु सुसूचित हुन नसक्नु, सरोकारवालाहरुको सहभागिता अत्यन्त टिठ लाग्दो हुनु, हुँदै नहुनु आदि विषयवस्तुमा गहिरिएर अध्ययन अनुसन्धान अगाडि बढाउन जरुरी देखिन्छ । गाउँ शिक्षा योजनालाई सफलतातर्फ उन्मुख गराउन जिम्मेवार निकाय संस्था वा व्यक्तिको भूमिका, गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयनमा सरोकारवालाहरुको भूमिका, स्थानीय तहमा शैषिक योजना निर्माण, विद्यालय सुधार योजना निर्माण प्रक्रिया, शैक्षिक उपलब्धि वृद्धि गर्नमा गाउँ शिक्षा योजनाको प्रभावकारिता जस्ता विषयमा थप अध्ययन अनुसन्धान गर्ने सुझाव दिइएको छ ।

# सन्दर्भग्रन्थ सूची


कानुन तथा न्याय मन्त्रालय (२०५३), *स्थानीय स्वायत्त शासन नियमावली २०५५,* काठमाडौं : लेखक ।

काफ्ले, वासुदेव र अन्य (२०६०), *शैक्षिक योजना,* बागबजार, काठमाडौं : भूँडीपुराण प्रकाशन ।

खनाल, पेशल (२०६०), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

थापा, चन्द्रकुमारी (२०६२), *विद्यालय सुधार योजनामा आधारित विकास कार्यक्रमको प्रभावकारिता,* (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर ।

नामसालिङ सामुदायिक विकास केन्द्र (२०६५), *२५ पाइलाहरु* (रजत वर्ष स्मारिका), इलाम ।

पोखरेल, ध्रुवराज र अन्य (२०६८), *व्यवसायिक अध्ययन,* अस्मिता बुक्स पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स (प्रा.) लि.. काठमाडौं ।

*शिक्षा आयोगका प्रतिवेदनहरु* (२०६२), काठमाडौं : मकालु प्रकाशन गृह ।

शिक्षा तथा खेलकूद मन्त्रालय (सन् २००३), *२०१५ मा एउटा समुदाय* (सबैका लागि शिक्षा, २००४-२००९, मुख्य दस्तावेज) काठमाडौं : लेखक ।

शिक्षा तथा खेलकूद मन्त्रालय (२०६४), *विद्यालय क्षेत्र सुधार कार्यक्रम* (नीति तथा रणनीति सम्बन्धी मूल दस्तावेजको मस्यौदा), काठमाडौं : लेखक ।

शिक्षा विभाग (२०५८), *अध्ययन प्रतिवेदन* (नेपाली रुपान्तर), भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०५८), *विद्यालय सुधार योजना तालिम पुस्तिका.,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६१), *विद्यालय सुधार योजना सहयोगी पुस्तिका,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६५), *शैक्षिक स्मारिका,* भक्तपुर : लेखक ।

शिक्षा विभाग (२०६५), *विद्यालय सुधार योजना निर्माण सम्बन्धी स्रोत सामग्री,* भक्तपुर : लेखक ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६३), *पेशागत सिप,* भक्तपुर : लेखक ।

सिंह, ललितविक्रम (२०६५), *विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन,* (अप्रकाशित शोधपत्र), काठमाडौं : त्रि.वि. केन्द्रीय क्याम्पस, कीर्तिपुर ।

Department of Education (2005), *Education for All and Secondary Education Suport Program*, Bhaktapur : Sanothimi.

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची १

## प्रधानाध्यापकका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

अनुभव वर्ष :

१. के विद्यालय सुधार योजना समयमै तयार गरेर गाउँ शिक्षा समितिमा उपलब्ध गराउने गर्नुभएको छ ?

क. पूर्ण रुपमा छ  ख. आंशिक रुपमा छ  ग. पूर्ण रुपमा छैन

२. विद्यालय सुधार योजना निर्माण गर्दा सबै सरोकारवाला र अभिभावक भेला गराई अघि बढाउने गर्नुभएको छ ?

३. क. पूर्ण रुपमा छ  ख. आंशिक रुपमा छ  ग. पूर्ण रुपमा छैन

४. तपाईंहरुले तयार गरेको विद्यालय सुधार योजनाले गाउँ शिक्षा समितिमा कस्तो प्रभाव पारेको महशुस गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

५. गाउँ शिक्षा समितिको बैठकमा के तपाईंको विद्यालयको समेत प्रतिनिधित्व रहेको छ ?

६. क. पूर्ण रुपमा छ  ख. आंशिक रुपमा छ  ग. पूर्ण रुपमा छैन

७. गाउँ शिक्षा योजनाको निर्माणमा तपाईं आफूले कत्तिको सक्रियतापूर्वक सहभागिता जनाउनुभयो ?

उत्तर : ..........................................................................................

८. गाउँ विकास समितिका अध्यक्ष तथा स्रोतव्यक्तिबाट निर्वाह भएको भूमिका कस्तो पाउनुभएको छ ?

उत्तर : ..........................................................................................

९. के तपाईंको विद्यालय सुधार योजनाले प्रस्ताव गरेका सबै कुरालाई गाउँ शिक्षा समितिले अनुमोदन गरेको अवस्था छ ?

क. पूर्ण रुपमा छ  ख. आंशिक रुपमा छ  ग. पूर्ण रुपमा छैन

१०. तपाईंको गाउँ विकास समितिमा निर्माण भएको गाउँ शिक्षा योजना कार्यान्वयन भएको छ ?

क. पूर्ण रुपमा भएको छ ख. आंशिक रुपमा भएको छ ग. भएकै छैन

११. भौतिक सुविधा तथा पहुँच अभिवृद्धि गर्ने कुरालाई गाउँ शिक्षा योजनाले कसरी सहयोग पुऱ्याएको छ ?

उत्तर : १. ...........................................................................................

२. ...........................................................................................

१२. गाउँ शिक्षा योजनाको कार्यान्वयनमा केही कठिनाइ देख्नुभएको छ कि ?

उत्तर : ...........................................................................................

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची २

## शिक्षकका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

अनुभव वर्ष :

१. गाउँ शिक्षा योजनालाई विद्यालय सुधार योजनाहरुकै योग हो भनिन्छ नि । के यो ठीकै हो ?

क. हो ख. होइन

२. विद्यालय सुधार योजनाले राखेका सबै मुद्धालाई गाउँ शिक्षा योजनाले सम्बोधन गर्न सकेको छ ?

क. छ ख. आंशिक रुपमा ग. छैन

३. गाउँ शिक्षा योजना निर्माण कार्यले बालिका, अल्पसंख्यक, सीमान्तकृत, लोपोन्मुख, अपाङ्ग तथाशिक्षाबाट वञ्चित समुदायको शिक्षामा पहुँच अभिवृद्धि गर्ने कुरा व्यवहारिक रुपमा कस्तो महशुस गर्नुभएको छ ?

उत्तर : ..........................................................................................

४. तपाईंको गाउँ विकास समितिमा निर्माण भएको गाउँ शिक्षा योजना कार्यान्वयन भएको छ ?

क. पूर्ण रुपमा भएको छ ख. आंशिक रुपमा भएको छ ग. भएकै छैन

५. गाउँ शिक्षा योजना कार्यान्वयन भएको भए सही ढंगले हुन सकेको छ ?

क. छ ख. छैन

६. यदि छैन भने यसका लागि के गर्नु पर्ला ?

उत्तर : ..........................................................................................

७. एउटा जिम्मेवार शिक्षकका नाताले भन्नुपर्दा गाउँ शिक्षा योजनाले पहुँच अभिवृद्धि गर्ने कार्यक्रम अगाडि ल्याएपछि के विद्यालयको शैक्षिक गुणस्तर माथि उठ्न सक्छ ?

उत्तर : ..........................................................................................

८. गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा देखा परेका चुनौतिहरु के के हुन् ?

उत्तर : ..........................................................................................

९. गाउँ शिक्षा योजनाको निर्माण र कार्यान्वयनमा देखा परेका चुनौतीहरु समाधान गर्ने कुनै ५ वटा उपायहरु उल्लेख गर्नुहोस् :

उत्तर : क. ............................................................................................

ख. ............................................................................................

ग. ............................................................................................

घ. ............................................................................................

ङ. ............................................................................................

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ३

## गा.वि.स. अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

अनुभव वर्ष :

१. गाउँ शिक्षा योजना निर्माणमा तपाईंको संलग्नता कहिलेदेखि हुँदै आएको छ ?

उत्तर : ........................................................................

२. गाउँ शिक्षा योजना निर्माणमा तपाईंले आर्थिक, शैक्षिक, प्राविधिक कुन कुन पक्षमा बढी भूमिका निर्वाह गर्नुभयो ?

उत्तर : ........................................................................

३. गाउँ शिक्षा योजना निर्माण अवधिभर सबैभन्दा बढी महत्वपूर्ण भूमिका कसको रहेको अनुभव गर्नुभयो ?

उत्तर : ........................................................................

४. गाउँ शिक्षा योजना निर्माणमा आइपरेका समस्याहरु के के हुन् ?

उत्तर : ........................................................................

५. आइपरेका समस्याहरुको समाधान कसरी गर्नुभयो ?

उत्तर : ........................................................................

६. सरोकारवालाहरुको सहभागिताको मूल्याङ्कन कसरी गर्नुभएको छ ?

उत्तर : ........................................................................

७. योजनामा प्रस्ताव गरिए अनुरुप सम्बन्धित निकायबाट वजेट विनियोजन हुन सक्यो या सकेन ?

क. सक्यो ख. सकेन

८. सम्बन्धित समानान्तर तथा माथिल्ला निमायबाट प्राप्त सहयोगको अवस्था कस्तो छ ?

उत्तर : ........................................................................

९. योजना अघि र पछि गाउँ विकास समितिभित्रका विद्यालयहरुको स्थितिमा के फरक पाउनुभएको छ ?

उत्तर : .....................................................................

१०. तपाईंको गाउँ विकास समितिमा निर्माण भएको गाउँ शिक्षा योजना कार्यान्वयन भएको छ ?

क. पूर्ण रुपमा भएको छ  ख. आंशिक रुपमा भएको छ  ग. भएकै छैन

११. यदि भएको छ भने योजनाका मुख्य ४ वटा उपलब्धिहरु उल्लेख गरिदिहोस् :

क. ...........................................................................................

ख. ...........................................................................................

ग. ...........................................................................................

घ. ...........................................................................................

१२. यदि भएको छैन भने कार्यान्वयन हुन नसक्नुका ४ वटा कारणहरु उल्लेख गरिदिहोस् :

क. ...........................................................................................

ख. ...........................................................................................

ग. ...........................................................................................

घ. ...........................................................................................

१३. योजनाको कार्यान्वयनका सबल तथा दुर्बल पक्षका बारेमा ५ वटा बुँदामा प्रकाश पारिदिनु होला :

क. .......................................................................................

ख. .......................................................................................

ग. .......................................................................................

घ. .......................................................................................

ङ. .......................................................................................

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ४

## शिक्षक अभिभावक सङ्घका अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

सम्वद्ध विद्यालय :

१. विद्यालय सुधार योजना र गाउँ शिक्षा योजना निर्माण गर्ने सन्दर्भमा तपाईंको आफ्नो भूमिका के रह्यो ?

उत्तर : ...........................................................................

२. के यी योजना निर्माण गरिंदा सम्बन्धित सरोकारवाला अभिभावकहरु सबै उपस्थित थिए ?

क. थिए ख. थिएनन्

३. के प्रत्येक मुद्धामा बुँदागत रुपमा छलफल गरिएको थियो ?

क. थियो ख. थिएन

४. योजना निर्माणमा अनुभव गर्नुभएका कठिनाइहरु के के हुन् ?

उत्तर : ...........................................................................

५. योजना निर्माण कार्यले बालिका, दलित, अल्पसङ्ख्यक, सीमान्तकृत तथा अपाङ्गहरुको पहुँच अभिवृद्धि भएको महशुस गर्नुभएको छ ?

क. छ ख. छैन

६. के विद्यालय अनुगमन सुपरिवेक्षणमा यहाँको सहभागिता रहँदै आएको छ ?

क. छ ख. छैन

७. तपाईंको गाउँ विकास समितिमा निर्माण भएको गाउँ शिक्षा योजना कार्यान्वयन भएको छ ?

क. पूर्ण रुपमा भएको छ ख. आंशिक रुपमा भएको छ ग. भएकै छैन

८. यदि भएको छ भने योजनाका मुख्य ४ वटा उपलब्धिहरु उल्लेख गरिदिहोस् :

क. ..............................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

९. यदि भएको छैन भने कार्यान्वयन हुन नसक्नुका ४ वटा कारणहरु उल्लेख गरिदिहोस् :

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

१०. योजनाको कार्यान्वयन पक्षमा वि.व्य.स./प्र.अ./गा.वि.स. अध्यक्ष तथा स्रोतव्यक्तिको भूमिका कस्तो पाउनुभएको छ ?

उत्तर : ......................................................................

११. गाउँ शिक्षा योजनाको कार्यान्वयन पक्ष सही ढङ्गले अगाडि बढ्न सके नसकेको यहाँको अनुभवमा कस्तो महशुस गर्नुभएको छ ?

उत्तर : ......................................................................

१२. योजना कार्यान्वयनमा आएका कठिनाइहरु के के हुन् ?

उत्तर : ......................................................................

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ५

## वि.व्य.स.अध्यक्षका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

सम्बद्ध विद्यालय :

१. गाउँ शिक्षा योजना निर्माण गर्ने क्रममा तपाईंको समेत प्रतिनिधित्व रहेको छ कि ?

क. छ                    ख. छैन

२. विद्यालयसँग सम्बन्धित मुद्धाहरुलाई यहाँहरुले गाउँ शिक्षा समितिमा कसरी पेश गर्नुभयो ?

उत्तर : ..........................................................................

३. गाउँ शिक्षा योजनाको निर्माण प्रक्रियामा स्थानीय सरोकारवालाहरुको चासो कत्तिको रहेको पाउनुभएको छ ?

उत्तर : ..........................................................................

४. योजना निर्माणको क्रममा केही कठिनाइ महशुस गर्नुभएको छ कि ?

उत्तर : ..........................................................................

५. गाउँ शिक्षा योजनाको निर्माणमा समुच्च समितिको सक्रियता कस्तो रहेको पाउनुभएको छ ?

उत्तर : ..........................................................................

६. तपाईंको गाउँ विकास समितिमा निर्माण भएको गाउँ शिक्षा योजना कार्यान्वयन भएको छ ?

क. पूर्ण रुपमा भएको छ        ख. आंशिक रुपमा भएको छ        ग. भएकै छैन

७. यदि भएको छ भने योजनाका मुख्य ४ वटा उपलब्धिहरु उल्लेख गरिदिहोस् :

क. ....................................................................................

ख. ....................................................................................

ग. ....................................................................................

घ. ..........................................................................................

८. यदि भएको छैन भने कार्यान्वयन हुन नसक्नुका ४ वटा कारणहरु उल्लेख गरिदिहोस् :

क. ..........................................................................................

ख. ..........................................................................................

ग. ..........................................................................................

घ. ..........................................................................................

९. तपाईंको विद्यालयमा गाउँ शिक्षा योजनाको कार्यान्वयनको अवस्था कस्तो पाउनुभएको छ ?

उत्तर : .........................................................................

१०. निर्मित योजना कार्यान्वयनमा आवश्यक पर्ने आर्थिक स्रोत अनुदानको रुपमा पाउनुहुन्छ कि आफैं जुटाउनु पर्छ ?

क. अनुदान प्राप्त हुन्छ    ख. आफैं जुटाउनु पर्छ    ग. मिश्रित अवस्था

११. योजना अनुगमन र मूल्याङ्कनको अवस्था कस्तो रहेको पाउनुभएको छ ?

उत्तर : .........................................................................

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ६

## लक्षित समूह छलफलका लागि प्रश्नावली

उत्तरदाताको नाम :

ठेगाना :

अनुभव वर्ष :

१. गाउँ शिक्षा योजना निर्माणमा तपाईंहरुको संलग्नता कहिलेदेखि रहँदै आएको छ ?

२. गाउँ शिक्षा योजनाको निर्माण गर्दा के कस्ता समस्याहरु भेल्नुभएको छ ?

३. आइपरेका समस्याहरुको सामना कसरी गर्नुभयो ?

४. सरोकारवालाहरुको सहभागिता जुट्न सके नसकेको के महशुस गर्नुभएको छ ?

५. निर्माण गरिएको गाउँ शिक्षा योजनाको कार्यान्वयन कसरी भइरहेको छ ?

६. योजनाको कार्यान्वयनबाट आशातीत प्रतिफल प्राप्त हुने सङ्केतहरु देखा परेका छन् ?

७. गाउँ शिक्षा योजनामा प्रस्ताव गरिए अनुरुप सम्बन्धित निकायबाट रकम विनियोजनको अवस्था के छ ?

८. सम्बन्धित समानान्तर तथा माथिल्ला निकायबाट प्राप्त सहयोगको अवस्था कस्तो छ ?

९. गाउँ शिक्षा योजना निर्माण प्रकृया पूरा गरी कार्यान्वयनको अवस्थामा अघि बढ्दा के कस्ता चुनौतिको सामना गर्नु पऱ्यो ?

१०. गाउँ शिक्षा योजना निर्माणमा सरोकारवालाहरुको सहभागितालाई कसरी मूल्यांकन गर्नुभएको छ ?

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ७

## गाउँ शिक्षा समितिको गठन प्रकृया

१. गा.वि.स. अध्यक्ष वा अध्यक्षको काम गर्न तोकिएको व्यक्ति : अध्यक्ष १ जना

२. समाजसेवी, शिक्षाप्रेमी (एकजना महिला सहित) गाउँ शिक्षा समितिबाट मनोनित : सदस्य २ जना

३. विद्यालय रहेको क्षेत्रको जिल्ला विकास समिति सदस्य : सदस्य १ जना

४. सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक : सदस्य १ जना

५. सम्बन्धित गा.वि.स. भित्रका विद्यालयहरुका वि.व्य.स. अध्यक्षहरु मध्येबाट जिल्ला शिक्षा समितिबाट मनोनित :सदस्य १ जना

६. गाउँ शिक्षा समितिले तोकेको सम्बन्धित गाउँ विकास समितिभित्र सञ्चालित उच्चतम विद्यालयको प्रधानाध्यापक : सदस्य सचिव १ जना

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ८

## गाउँ शिक्षा योजना निर्माण प्रक्रिया

| क्र. सं. | निर्माण प्रकृया | उत्तरदाता | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स. अध्यक्ष | वि.व्य.स. अध्यक्ष | शि.अ. सङ्घ अध्यक्ष | प्र.अ. | शिक्षक | स्रोतव्यक्ति |
| | **कसले ?** | | | | | | |
| १ | गाउँ विकास समितिबाट | | | ४ | | ३ | |
| २ | गाउँ शिक्षा समितिबाट | ३ | | | | ५ | |
| ३ | गाउँ शिक्षा समितिद्वारा गठित समितिबाट | | ९ | | ९ | ६ | १ |
| ४ | सरोकारवालाहरुद्वारा गठित प्राविधिक समितिबाट | | | ५ | | ४ | |
| | **कसरी ?** | | | | | | |
| १ | सबै विद्यालयहरुको विद्यालय सुधार योजनाको अध्ययनबाट | | | | ९ | १२ | १ |
| २ | बैठकबाट | | ९ | ९ | | ४ | |
| ३ | कार्यदलबाट | ३ | | | | २ | |

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची ९

## गाउँ शिक्षा योजनाको लक्ष्य निर्धारण

**चिसापानी गाउँ विकास समिति**

| सि.नं | कार्यक्रम | ५ वर्षको | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ भवन निर्माण | १५ | ३ | ३ | ४ | ४ | १ | ७ वटा पूर्व.प्रा.वि. का लागि मा.वि.मा. २ वटा अन्य १/१ वटा |
| २ | पुन:निर्माण | ८ | २ | २ | २ | २ | | प्रत्येकमा १/१ वटा सिंह आदर्शमा २ वटा |
| ३ | मर्मत सम्भार | १४ | ३ | ३ | ३ | ३ | २ | प्रत्येकमा २/२ वटा |
| ४ | फर्निचर | १६०जोर | ३० | ३० | ४० | ३५ | २५ | प्रा.वि.मा २० नि.मा र मा.वि.मा ३५ का दरले |
| ५ | शौचालय | ७ वटा | २ | २ | २ | १ | | प्रत्येकमा १/१ |
| ६ | खेलमैदान | ४ वटा | | १ | १ | १ | १ | नभएकामा १/१ |
| ७ | घेराबारा | ७ वटा | २ | २ | १ | १ | १ | प्रत्येकमा १/१ |
| ८ | शिक्षक दवन्दी तथा नियुक्ति | १७ प्रा. | ३ | ४ | ४ | ३ | ३ | २ वटा नि.मा. शिक्षक तत्कालै मा.वि.मा आवश्यक |
| | | ७ नि.मा. | १ | २ | २ | १ | १ | |
| | | २ मा. | | १ | | १ | | |

**महमाई गाउँ विकास समिति**

| सि.नं | कार्यक्रम | ५ वर्षको | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ भवन निर्माण | १९ | ४ | ५ | ५ | ४ | १ | प्राथमिकता क्रमका आधारमा गर्ने |
| २ | परानो भवन मर्मत | १४ | ५ | ३ | ३ | २ | १ | |
| ३ | कक्षाकोठा मर्मत | ४३ | १५ | १० | ८ | ६ | ४ | |
| ४ | खानेपानी | ११ वि. | ३ | २ | २ | २ | २ | |
| ५ | घेराबारा | १३ | ४ | ३ | ३ | २ | १ | |
| ६ | खेलमैदान | ९ | ३ | २ | २ | १ | १ | |
| ७ | कार्यालय कोठा निर्माण | ७ | २ | २ | १ | १ | १ | |
| ८ | पुस्कालय संञ्चालन | १२ | ३ | ३ | २ | २ | २ | |
| ९ | कम्प्युटर शिक्षा | १५ | ३ | ३ | ३ | ३ | ३ | |
| १० | थप अंग्रेजी विषयको व्यवस्था | निरन्तर | | | | | | |
| ११ | वाल विकास केन्द्र | ८ | १ | ३ | २ | १ | १ | |
| १२ | साक्षरता कक्षा सञ्चालन | ३६ | ९ | ९ | ९ | ५ | ४ | |

# गाउँ शिक्षा योजना निर्माण र कार्यान्वयन प्रक्रिया

## अनुसूची १०

## गाउँ शिक्षा योजना निर्माणमा सरोकारवालाहरुको संलग्नता

| क्र. सं. | संलग्नताको अवस्था | उत्तरदाता | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स. अध्यक्ष | वि.व्य.स. अध्यक्ष | शि.अ. सङ्घ अध्यक्ष | प्र.अ. | शिक्षक | स्रोतव्यक्ति |
| १ | सधैं संलग्न हुन्छु | | | | ३ | | १ |
| २ | कहिलेकाहिं संलग्न हुन्छु | | ५ | २ | १ | ५ | |
| ३ | समय नै पुग्दैन | ३ | १ | २ | ५ | १० | |
| ४ | थाहा नै पाइँदैन | | ३ | ५ | | ३ | |

## अनुसूची ११

## गाउँ शिक्षा योजना निर्माणका समस्याहरु

| क्र. सं. | समस्या | उत्तरदाता | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स. अध्यक्ष | वि.व्य.स. अध्यक्ष | शि.अ. सङ्घ अध्यक्ष | प्र.अ. | शिक्षक | स्रोतव्यक्ति |
| १ | सरोकारवालाहरुको सहभागिताको अभाव | ३ | ९ | ७ | ९ | १३ | १ |
| २ | सरोकारवालाहरुलाई अभिमुखीकरणको अभाव | ३ | ५ | ६ | ६ | १० | |
| ३ | सरोकारवालाहरुमा इच्छाशक्ति, तत्परता एवं जागरुकताको कमी | ३ | ६ | ५ | ७ | १५ | १ |
| ४ | कार्यक्रम र बजेट महत्वकांक्षी हुनु | | ३ | ५ | | ८ | |
| ५ | समुदाय परिचालन तथा आवधिक समीक्षाको अभाव | ३ | ९ | ९ | ४ | १८ | |
| ६ | स्थानीय स्रोत साधनको पहिचान तथा परिचालन हुन नसक्नु | | | ४ | | १२ | |
| ७ | समन्वयको अभाव | ३ | ९ | ९ | ९ | १८ | १ |
| ८ | अपेक्षित अनुदान प्राप्त हुन नसक्नु | | ९ | ९ | ९ | १८ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | निर्वाचित जनप्रतिनिधिको अभाव | | ४ | ३ | ५ | ५ | |
| १० | गाउँ शिक्षा समिति गठन हुन नसक्नु | | ३ | १ | | ९ | |
| ११ | निर्मित योजना लागू गर्ने काममा माथिल्लो निकाय मौन हुनु | ३ | ९ | ९ | ९ | १८ | |
| १२ | सरोकारवालाहरुको भावना अनुकुल योजना तयार हुन नसक्नु | | | ५ | | १२ | |
| १३ | शैक्षिक गुणस्तर सुधारका भरपर्दा कार्यक्रमहरु नसमेटिनु | | | ४ | | १४ | |
| १४ | स्रोतव्यक्तिबाट आवश्यकताभन्दा बढी सहयोग उपलब्ध हुनु | ३ | २ | | | | १ |